# लेखापरीक्षण प्रतिवेदन

## चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/522

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

चौतारा साँगाचोकगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सिन्धुपाल्चोक।

## कैफियतसहितको राय

हामीले चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यसप्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयलेपार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृतवार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीयसंचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमाआधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रणगर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

**१.** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २२ करोड ६१ लाख २५ हजार, गरीवसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख ५३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७८ लाख ३० हजार र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. १ लाख ९३ हजार समेत गरी रु. २३ करोड ४६ लाख १ हजार समावेश गरेको छैन।

**२.** नगरपालिकाको रु. ३ अर्ब ३६ लाख ४२ हजार लेखापरीक्षणवाट रु. २३ करोड ०५ लाख २९ हजार बेरुजू देखिएकोमा रु. १ लाख ६४ हजारको प्रतिक्रियाबाट फछ्र्योट भई बाँकी बेरुजु रु. २३ करोड ०३ लाख ६४ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रू. ९६ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १७ करोड ४८ लाख, नियमित गर्नुपर्ने रु. ४ करोड ४२ लाख ४९ हजार र पेश्कि रु. १६ लाख ७५ हजार रहेको छ। पालिकाको गत वर्ष सम्म रु.३१ करोड १५ लाख ४७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट फछ्र्योट नभई रु.३१ करोड १५ लाख ४७ हजार बाँकी रहेकोमा यो वर्ष रु.२३ करोड ०३ लाख ६४ हजार थप भई हालसम्मको अद्यावधिक बेरुजू रु. ५४ करोड १९ लाख ११ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

**३.** नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चौतारा साँगाचोकगढी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम

आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रत्ननगर नगरपालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | ४३२ | २३,०५,२८,६७४ | ० | ५ | १,६४,२९१ | ० | ६१ | ४२७ | २३,०३,६४,३८३ | ९६,४०,१९८ | ४,४२,४९,४४२ | १७,४७,९९,९०९ | ० | ० | २१,९०,४९,३५१ | १६,७४,८३४ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | ३१,१५,४७,००० | ० | ० | ३१,१५,४७,००० | ० | २३,०३,६४,३८३ | ५४,१९,११,३८३ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५४.२ | बैठक तथा अनुगमन भत्ता | ९०,००० |
| २ | २०८०/८१ | ७८ | एक घर एक करेसाबारी | ७,६१९ |
| ३ | २०८०/८१ | ८१.३ | शिक्षा - ससर्त चालु | १६,६७२ |
| ४ | २०८०/८१ | ८३.२ | शिक्षा - ससर्त चालु | ५०,००० |
| जम्मा | | | | १,६४,२९१ |

# (८०३२७४०१३०० - चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडारहेको छ भने क्षेत्रफल१६५.२५ वर्ग किलोमिटर तथा ४२,६६८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ३,००,३६,४१,६९७.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४६४९७६०।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | शिक्षा सशर्त शिर्षकबाट नपाउने बैठक भत्ता | २६७७५ |
| २ | नगरपालिका चालुबाट बढि भुक्तानी | १९८५ |
| ३ | नपाउने बैठक भत्ता ३१ जनाबाट असुली | ४६२१००० |
| **जम्मा** | | **४६४९७६०** |

२ **लेखापरीक्षण**

३ **स्थानीय सञ्चित कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

## प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन

| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | २३,१४,९९,५३३.२९ | ० | २३,१४,९९,५३३.२९ | १७,३४,७७,३४९.५६ | ० | १७,३४,७७,३४९.५६ |
| १३००० | अनुदान | ७१,७४,२४,०००.०० | ० | ७१,७४,२४,०००.०० | ७५,२३,८५,२००.०० | ० | ७५,२३,८५,२००.०० |
| १४००० | अन्य राजस्व | २३,५४,४०,४३९.३४ | ० | २३,५४,४०,४३९.३४ | १३,६६,७५,९७१.८६ | ० | १३,६६,७५,९७१.८६ |
| १५००० | विविध प्राप्ति | ३०,६७,६८३.०० | ० | ३०,६७,६८३.०० | ४०,८८५.०० | ० | ४०,८८५.०० |
| क | **कुल जम्मा प्राप्ति** | १,१८,७४,३१,६५५.६३ | | १,१८,७४,३१,६५५.६३ | १,०६,२५,७९,४०६.४२ | | १,०६,२५,७९,४०६.४२ |
| ३ | चालु | ८१,१७,२४,१२२.०० | ० | ८१,१७,२४,१२२.०० | ८१,१६,४५,३९८.०० | ० | ८१,१६,४५,३९८.०० |
| २१००० | पारिश्रमिक / सुविधा | ४१,५४,८३,७७५.०० | ० | ४१,५४,८३,७७५.०० | १३,५४,९८,०७३.०० | ० | १३,५४,९८,०७३.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ११,८४,२२,९९३.०० | ० | ११,८४,२२,९९३.०० | ८,८१,८०,२२३.०० | ० | ८,८१,८०,२२३.०० |
| २५००० | सहायता (Subsidy) | १९,९७,९१,७३५.०० | ० | १९,९७,९१,७३५.०० | १३,५०,२०,२४८.०० | ० | १३,५०,२०,२४८.०० |
| २६००० | अनुदान | २,२५,०२,२८९.०० | ० | २,२५,०२,२८९.०० | ३९,७२,११,३०२.०० | ० | ३९,७२,११,३०२.०० |
| २७००० | सामाजिक सुरक्षा | १,८०,६१,४९६.०० | ० | १,८०,६१,४९६.०० | २,१३,९३,१०१.०० | ० | २,१३,९३,१०१.०० |
| २८००० | अन्य खर्च | ३,७४,६१,८३४.०० | ० | ३,७४,६१,८३४.०० | ३,४३,४२,४५१.०० | ० | ३,४३,४२,४५१.०० |
| ४ | पूंजीगत | ३०,४०,०९,३३९.०० | ० | ३०,४०,०९,३३९.०० | ३०,४३,६०,६३३.०० | ० | ३०,४३,६०,६३३.०० |
| ३१११० | भवन तथा संरचना | २,४१,६७,८९१.०० | ० | २,४१,६७,८९१.०० | १,७३,९५,७९८.०० | ० | १,७३,९५,७९८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७४,०५,३६९.०० | ० | ७४,०५,३६९.०० | १,२७,२२,२४३.०० | ० | १,२७,२२,२४३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २३,७५,०००.०० | ० | २३,७५,०००.०० | २८,२३,८२१.०० | ० | २८,२३,८२१.०० |
| ३११४० | सुरक्षा उपकरण | ९९,७२२.०० | ० | ९९,७२२.०० | ४,७५,०००.०० | ० | ४,७५,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | २६,८०,९९,३१७.०० | ० | २६,८०,९९,३१७.०० | २६,७८,२३,७७९.०० | ० | २६,७८,२३,७७९.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ११,४०,०००.०० | ० | ११,४०,०००.०० | ४७,५००.०० | ० | ४७,५००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ७,२२,०४०.०० | ० | ७,२२,०४०.०० | ३०,७२,४९२.०० | ० | ३०,७२,४९२.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | १,११,५७,३३,४६१.०० | | १,११,५७,३३,४६१.०० | १,११,६०,०६,०३१.०० | | १,११,६०,०६,०३१.०० |
| ग) | **बचत /कमी (ग = क-ख )** | ७,१६,९८,१९४.६३ | | ७,१६,९८,१९४.६३ | (५,३४,२६,६२४.५८) | | (५,३४,२६,६२४.५८) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | (२,२९,८५,९९७.००) | | (२,२९,८५,९९७.००) | १,७९,४७,८११.१८ | | १,७९,४७,८११.१८ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | -७,६११.०० | | -७,६११.०० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक** | ४,८७,१२,१९७.६३ | | ४,८७,१२,१९७.६३ | (३,५४,७८,८१३.४०) | | (३,५४,७८,८१३.४०) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मौज्दात (बचत /(कमी)) ( ङ = ग-घ) | | | | | | |
| च) | गत आ.व.को नगद तथा बैक मौज्दात | २२,५७,४३,९२७.०६ | | २२,५७,४३,९२७.०६ | २८,७०,८२,२३१.८८ | | २८,७०,८२,२३१.८८ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैक मौज्दात ( ज= ङ+च+छ) | २७,४४,५६,१२४.६९ | | २७,४४,५६,१२४.६९ | २५,१६,०३,४१८.४८ | | २५,१६,०३,४१८.४८ |

४ **एकिकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकिकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

**आर्थिक वर्ष २०८०।८१ को एकिकृत आय व्यय**

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | सिनं | विवरण | रकम | रकम |
| 1 | गत वर्षको जिम्मेवारी | | २८०२७३७९६ | १ | चालु तर्फ | | ७८७५६६८५२ |
| | क) नगद | ० | | | संघ सशर्त अनुदान | ४१०८३९८६८ | |
| | ख) सञ्चित कोष खाता | १२७०५४१८ | | | संघ समनीकरण अनुदान | १०४६८३३३ | |
| | ग) चालु खर्च खाता | ४५६९६८० | | | संघ राजश्व बाँडफाँड | ७६२३८३८० | |
| | घ) पुँजीगत खर्च खाता | २९३६५०९४ | | | प्रदेश सशर्त अनुदान | १७८०३७२६ | |
| | ङ) विभाज्य कोष खाता | ११९५४२८०० | | | प्रदेश राजश्व बाँडफाँड | ९१४३३३४८ | |
| | च) आन्तरिक राजश्व खाता | २२२७२०८१ | | | राजश्व बाँडफाँड स्थानीय | १०९८७६७५२ | |
| | छ) बाँडफाँडबाट प्राप्त राजश्व खाता | ९७७१९८६ | | | आन्तरिक श्रोत | ७०८०५१९५ | |
| | ज) आन्तरिक अनुदान | ७३७२३५०० | | | प्रदेश समानीकरण अनुदान | १०१२५० | |
| | झ) विविध खर्च खाता | ३९८२१६८ | | | | | |
| | ञ) विविध कोष खाता | ४३४१०६९ | | | | | |
| २ | धरौटी खाता | | ७१०२६२६ | | | | |
| ३ | प्रकोप व्यवस्थापन कोष | | ३३३१९०३ | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ४ | **राजश्व** | | ४९८५०६६५८ | २ | **पुँजीगत तर्फ** | | **३१२९९८८८५** |
| | आन्तरिक राजश्व (फोहोरमैला संकलन) समेत | २१६७९०२९ | | | संघ समानीकरण अनुदान | १४४७६०४४१ | |
| | राजश्व बाँडफाँड संघ | १०४४९४९७७ | | | संघ सशर्त अनुदान | २००६९२१५ | |
| | राजश्व बाँडफाँड प्रदेश | १०५०७७६७७ | | | संघ राजश्व बाँडफाँड | २१८८५१९० | |
| | मालपोतबाट प्राप्त | ११६९०९७३ | | | संघ विशेष अनुदान | ५९१५८०१ | |
| | आन्तरिक आय राजश्व बाँडफाँड स्थानीय (दहत्तर बहत्तर र विज्ञापन कर) | २२५६७५००० | | | संघ समपुरक अनुदान | ६०८७४८५ | |
| | लागत सहभागिता | ९०३१३६० | | | प्रदेश समानीकरण अनुदान | १८४३३६७३ | |
| | सडक बोर्ड नेपाल | ६४२४७८८ | | | प्रदेश सशर्त | ४२७५००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | अनुदान | | |
| | अन्य/ आन्तरिक आय (बागमती प्रदेश शिक्षा र दलित) | ५३३३२५१ | | | प्रदेश राजश्व बाँडफाँड | २५३२५२१७ | |
| | जिल्ला समन्वय समिति | २५७४९४१ | | | राजश्व बाँडफाँड स्थानीय | १७५८०२८५ | |
| | अक्षय कोष | ६५२४६६२ | | | आन्तरिक श्रोत | ४८६६६५७८ | |
| | | | | | | | |
| | | | | ३ | **फिर्ता तर्फ 2080-81** | | १५२२४१८०८ |
| | | | | | प्रलेनिका फिर्ता दहत्तर बहत्तर र विज्ञापन कर | ९२२००९०३ | |
| | | | | | संघ शर्सत रकम फिर्ता | ४६६८०९१७ | |
| | | | | | संघ बिशेष रकम फिर्ता | १००८४१९९ | |
| | | | | | संघ समपुरक रकम फिर्ता | १९१२५१५ | |
| | | | | | प्रदेश शसर्त रकम फिर्ता | १३६३२७४ | |
| | | | | ४ | **फिर्ता तर्फ 2079-80** | | ३९२६१५०२ |
| | | | | | संघ शसर्त रकम फिर्ता | १५५४१८४२ | |
| | | | | | प्रदेश शसर्त रकम फिर्ता | २५३३४१६ | |
| | | | | | संघ बिशेष रकम फिर्ता | ७२३६८५७ | |
| | | | | | संघ समपुरक रकम फिर्ता | २५०५०८८ | |
| | | | | | प्रदेश समपुरक रकम फिर्ता | ११४४४२९९ | |
| | | | | | | | |
| | | | | | | | |
| ५ | **वित्तीय हस्तान्तरण संघ** | | ६७३४०१००० | ४ | विपद (प्रकोप) व्यवस्थापन कोष खर्च | | ५२६१४५० |
| | क) वित्तीय समानीकरण अनुदान | १७१३०६००० | | ५ | **धरौटी फिर्ता** | | ६०३२२२७ |
| | ख) सशर्त अनुदान | ४७८०९५००० | | ६ | **मौज्दात** | | २०४१३५४०६.९ |
| | ग) बिषेश अनुदान | १६०००००० | | | क) नगद | | |
| | घ) समपुरक अनुदान | ८०००००० | | | ख) सञ्चित कोष खाता | ७०९५६०२५.४२ | |
| | | | | | ग) चालु खर्च खाता | १२६२६२८९ | |
| ६ | **वित्तीय हस्तान्तरण प्रदेश** | | ४४०२३००० | | ३) पुँजीगत खर्च खाता | १०६९०६५७ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तीय समानीकरण अनुदान | २०५८१००० | | | ङ) विभाज्य कोष खाता | ८०५६०००० | |
| | ख) सशर्त अनुदान | २३४४२००० | | | च) आन्तरिक राजश्व खाता | १४३५९१५०.३ | |
| | | | | | ५) बाँडफाँडबाट प्राप्त राजश्व खाता | ० | |
| | | | | | ज) आन्तरिक अनुदान | ० | |
| | | | | | झ) विविध खर्च खाता | २८८५१२३ | |
| | | | | | ज) विविध कोष खाता | १२०५८१६२ | |
| ७ | | | | | | | |
| ७ | **धरौटी खाता** | | ४०७७४५८ | ७ | **धरौटी खाता** | | ५१४७८५७ |
| ८ | **प्रकोप व्यवस्थापन कोष** | | ६५००००० | ८ | **प्रकोप व्यवस्थापन कोष** | | ४५७०४५३ |
| ९ | **विषयगत निकायबाट प्राप्त कार्यक्रम** | | २३४६००२०२ | ९ | **विषयगत निकायबाट प्राप्त कार्यक्रम खर्च** | | २३४६००२०२ |
| | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४५२५०० | | | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४५२५०० | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | २२६१२४६९८ | | | सामाजिक सुरक्षा तथा संरक्षण | २२६१२४६९८ | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७८३०००० | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७८३०००० | |
| | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | १९३००४ | | | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | १९३००४ | |
| | **जम्मा** | | **१७५१८१६६४३** | | **जम्मा** | | **१७५१८१६६४३** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **वित्तीय विवरण परीक्षण**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

५.१ **बैंक मौज्दात** - पालिकाले तयार गरेको माथिको एकिकृत आय व्यय विवरणमा बैङ्क मौज्दात रू. २१३८५३७१६.९० (धरौटी र प्रकोप व्यवस्थापन कोष समेत) देखाएको छ। तर म.ले.प.फा.नं. २७० मा नगद मौज्दात रू. २७४४५६१२४.६९ रहेको छ। बैङ्क मौज्दात

भन्दा रू. ६,०६,०२,४०७.७९ घटी देखीएकोले घटी भएको प्रमाण सहित हिसाब मिलान विवरण पेश गर्न पर्ने रू. ६,०६,०२,४०७.७९

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०६,०२,४०७ |

५.२ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | १९९३५५११८२.६९ | १९२०७७२४४.६२ | ७२७७९३८.०७ |
| विपद व्यवस्थापन खाता | ४५७०४५३.०० | ४५७०४५३.०० | ०.०० |
| धरौटी | ५१४७८५७.०० | ५१४७८५७.०० | ०.०० |
| ग 5.1 विविध कोष खाता | १२०५८१६२.०० | १२०५८१६२.०० | ०.०० |
| बैङ्क | २२११३१६५४.६९ | २१३८५३७१६.६२ | ७२७७९३८.०७ |
| **जम्मा** | ४४,२२,६३,३०९.३८ | ४२,७७,०७,४३३.२४ | १,४५,५५,८७६.१४ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक परेको रु. १,४५,५५,८७६.१४।- हिसाब मिलान विवरण पेश गर्नुपर्दछ। ।

५.३ **फरक जिम्मेवारी**- पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २९०६७७४६०।- मौज्दात रहेकोमा यो वर्ष रु.२९०७०८३२५।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३०८६५।– बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

५.४ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२,६१,२४,६९७.७८।-,गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४,५२,५००।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७८,३०,०००।-, राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रमको रु. १,९३,००४।- समेत गरी रु. २३,४६,००,२०२।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.५ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६,४९,६४,३९८.९४ यस वर्षको प्राप्ति रु. २,८४,९९,००२.३७, यस वर्षको भुक्तानी रु. ३,५३,८७,४५५ र बैङ्क मौज्दात रु. ६,०६,०२,४०८.७९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २२५७४३९२७।०६ | ११८७४३१६५६ | १११५७३३४६१ | २७४४५६१२५ |
| एकीकृत आर्थिक विवरणअनुसार | २९०७०८३२५ | १२१५९३०६५८ | ११५११२०९१६ | २१३८५३७१७ |
| फरक | ६,४९,६४,३९८.९४ | २,८४,९९,००२.३७ | ३,५३,८७,४५५ | ६,०६,०२,४०८.७९ |

## ६ **आन्तरिक नियन्त्रण प्रणाली**

६.१ आन्तरिक नियन्त्रण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वियन अवस्था कमजोर रहेको,

• रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालीकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन् ।

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी नगरप्रमुखको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको¸

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको¸ सूचना कुन समयमा बजाएको विवरण संलग्न नभएको।

• नगरपालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको¸

• अधिकांशमा अनुगमन भ्रमण प्रतिवेदन पेस नभएको

• सवारी मर्मतमा लागत अनुमान तयार नगरेको

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको

• विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेस नभएको

• विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा पालिकाको तर्फबाट सचेतनामूलक सन्देश तथा शुभकामना प्रकाशन तथा प्रशारण बापतको बिल बमोजिम भुक्तानी भएकोमा सम्झौता/कार्यादेश संलग्न नरहेको ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मबाट समेत खरिद गर्ने गरेको

• पालिकाको डोजर/ स्क्याभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक वर्ष समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ७ बजेट तथा कार्यक्रम

७.१

**आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

७.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.४ **बजेट पेश, पारित र अख्तियारी**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०८०।०३।०९ मा रु.१ अर्ब २४ करोड ५२ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०५।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र तोकिएका कार्यक्रमहरु सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७.५ **बजेट अवण्डा**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नुपर्ने व्यवस्था छ। यस पालिकाले योवर्ष रु ११३४९८०००।- अबण्डा बजेट व्यवस्था गरी मुख्य ११ योजनाका ९१ गोटा योजनामा रु. ९०५६६३८४ । खर्च गरेको छ।बजेट अबण्डामा राखी नगर प्रमुखको स्वविवेकमा तोक आदेशको भरमा योजना छनौट गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका योजना देहाय अनुसार छन् :

| क्र सं | मुख्य योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | वडा भवन निर्माण/ मर्मत | १५०००००० | ८०२८२७० |
| २ | विपद व्यवस्थापन कोष | ६५००००० | ५२६१४५० |
| ३ | रोजगार | ६०००००० | ५२५०१८१ |
| ४ | खानेपानी | १५०००००० | ९३७९७१७ |
| ५ | म्याचिङ फण्ड | २०००००००० | १७७५५८८० |
| ६ | पर्यटन तथा सँस्कृति | ८५००००० | ७२३३०३२ |
| ७ | नगर पुर्वाधार | १०००००००० | ९४६५५४३ |
| ८ | नगर गौरवको योजना | १०००००००० | ९४१६१४८ |
| ९ | प्रभावित क्षेत्र | ७५००००० | ५०४७८२५ |
| १० | विविध कार्यक्रम | ४९९८००० | ४४५८२७७ |
| ११ | मागमा आधारित | १०००००००० | ९२७००६१ |
| जम्मा | | ११३४९८००० | ९०५६६३८४ |

७.६ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ७४३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३६१ | ५ | ७३ | २८३ |
| २ | वडास्तरीय | ३८२ | | १७ | ३६५ |
| जम्मा | | ७४३ | ५ | ९० | ६४८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना ७४३ मध्ये ७३४ योजना मात्र कार्यान्वियन भई ९ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले शतप्रतिशत योजना सम्पन्न गर्ने गरी कार्य गर्नुपर्दछ ।

७.७ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ३१ करोड २९ लाख ९९ हजार पूँजीगत

खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

**क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १३३१८५३६६ | १०५०७५१३३ | ९.४२ |
| २ | पूर्वाधार विकास | २७०८९६७६५ | २४३७५६८९७ | २१.८५ |
| ३ | सामाजिक विकास | ६२७७०८४६३ | ५४७४७२२४३ | ४९.०७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३२४३६००० | २४२१९४५७ | २.१७ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २९२८६६२१५ | १९५२०९७३१ | १७.५ |
| जम्मा | | १३५७०९२८०९ | १११५७३३४६१ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये १३५७०९२८०९ । मा सबै भन्दा बढी सामाजिक विकास मा ४९.०७ प्रतिशत सबै भन्दा घटीमा संस्थागत विकास, सेवा प्रवाह र सुशासन खर्च २.१७ प्रतिशत रहेको छ।

७.८ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २५,९१,४५,००० राजस्व बाँडफाँड प्राप्तबाट रु. २२,१२,६३,६२७। र अनुदानबाट रु. ७१,७४,२४,०००। समेत रु. १,२१,५९,३०,६५८। आम्दानी भएकोमा चालु तर्फ रु. ८३,२०,८९,८०४। र पूँजिगत तर्फ रु. ३१,२९,९८,८८५ ।– समेत रु. १,१४,५०,८८,६८९।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २२.६२ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. १,१३,६४,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ४.३८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.६६ प्रतिशत चालु र २७.३४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | ३०४००९३३९ | ४३३४२१२० | ६१३२९२३६ | १९९३३७९८३ | ७८६०३७६७ |
| प्रतिशत | १००% | १४.२५% | २०.१७% | ६५.५६% | २२.०५% |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ३०,४०,०९,३३९।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४,३३,४२,१२०।- (१४.२५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६,१३,२९,२३६।- (२०.१७ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १९,९३,३७,९८३।- (६५.५६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७,८६,०३,७६७।- (२२.०५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम

अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १४ | १४ | १० | ४ |

९ **सम्पत्ति**

सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले निम्न अनुसार सवारी साधन खरिद गरेको विवरण उपलब्ध गराएको छ । गत विगतमा खरिद गरेका सवारी साधन, डोजर, टिपर लगायतका विवरण उपलब्ध नगराएकोले थप विश्लेषण गर्न सकिएन ।

| सम्पत्ति | क्र.सं. | **सामानको नाम** | प्राप्त मिति | संख्या | खरिद ÷ प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| सवारी साधन ( रु १ लाखभन्दा बढी ) | १ | Motor cycle pulsar 150 | २०८०।०६।१९ | १ | २९८९०० | पशु शाखा |
| सवारी साधन ( रु १ लाखभन्दा बढी ) | २ | Motor cycle pulsar 220 | २०८०।०६।१९ | १ | ३९९९०० | १० वडा कार्यालय |
| सवारी साधन ( रु १ लाखभन्दा बढी ) | ३ | Motor cycle pulsar 150 | २०८०।०६।१९ | १ | २९८९०० | प्रशासन |
| सवारी साधन ( रु १ लाखभन्दा बढी ) | ४ | Motor cycle pulsar 150 | २०८०।०६।१९ | १ | २९८९०० | कृषि शाखा |
| सवारी साधन ( रु १ लाखभन्दा बढी ) | ५ | Motor cycle pulsar 220 | २०८०।११।०२ | १ | ३९९९०० | ५ नं वडा कार्यालय |
| सवारी साधन ( रु १ लाखभन्दा बढी ) | ५ | Motor cycle pulsar NS 150 | २०८०।०६।१ | १ | ३५००००। | रोजगार शाखा |
| उपकरण ( रु १ लाखभन्दा बढी ) | १ | Semi Auto Analyzer | २०८१।०३।१७ | १ | ३८८३००। | मू.अ.कर बाहेक |
| | | | | | २४३४८०० | |

१० **कानून निर्माण एवं कार्यान्वियन**

१०.१ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको ३६ गरी कुल ४३ विवाद दर्ता भएकोमा ३४ वटा मात्र फर्स्योट भई ९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१०.२ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, ४७ कार्यविधि अन्य ११ लगायत ७२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले उपलब्ध गराएको विवरण अनुसार १ वटा कानूनहरु निर्माण गरी सभा।

कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु.२,०३,८२,३३९।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ताभुक्तानी गर्नुपर्दछ ।

१२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २२ जना स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ३५ पदहरु करार सेवाबाट पदपूर्ति भएका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो लोक सेवा आयोगबाट पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१३ **करार कर्मचारी कल्याणकारी कोष**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४।१।२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई आर्थिक वर्ष २०७४।७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको छ। पालिकाले दरबन्दी भित्र र दरबन्दी भन्दा बढी रहेका करारका कर्मचारीहरुलाई चौतारा सागाँचोकगढी नगरपालिकाको कर्मचारी कल्याणकोष सञ्चालन ऐन, २०७६ को व्यवस्था गरी आफ्नो आन्तरिक श्रोतबाट कर्मचारी कल्याणकोष शिर्षकमा रु.५० लाख बजेट व्यवस्था गरी करारका कर्मचारीको आधारभुत तलब स्केलको १० प्रतिशतले हुन आउने रकम थप गरी प्रत्येकको नेपाल बैङक लिमिटेडमा खाता खोली मासिक रुपमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार रु. ३६,४२,९३६।- जम्मा गरेको छ। यसरी जम्मा भएको रकम करारमा भएका कर्मचारीले आफ्नो सेवाबाट अलग भएमा उक्त खातामा जम्मा भएको रकम र उक्त रकमबाट प्राप्त भएको व्याज कर्मचारीलाई उपलब्ध गराउने भनी स्थायी कर्मचारीले पाउने संचयकोष सरहको सुविधा दिएको सम्बन्धमा मन्त्रालयले दिएको निर्देशन विपरित अतिरिक्त सुविधा भुक्तानी गरेकोले उक्त रकम ब्याज सहित असुल हुनुपर्ने रु.

| गो. भौ . नं/मिति | महिना | रकम |
|---|---|---|
| ९९- ८०/०६/१४ | २०८० श्रावण र भाद्र | ५९३२४३ |
| २८७- ८०/०७/२१ | २०८० असोज | २९६६२१ |
| ३५९- ८०/०८/१७ | २०८० कार्तिक | ३०३६२३ |
| ४१७- ८०/०९/०२ | २०८० मंसिर | ३०६२५५ |
| ५३०- ८०/१०/०२ | २०८० पुस | ३०६२५५ |
| ६४७- ८०/१०/२९ | २०८० माघ | २९९४९२ |
| ७४४- ८०/१२/०२ | २०८० फागुन | २९९४९२ |
| ९००- ८१/०१/०२ | २०८० चैत | २९९४९२ |
| १०७३- ८१/०१/०२ | २०८१ वैशाख | २९५३०६ |
| १०९३- ८१/०२/०४ | छुट गो. भौ . न १०७३ को | ४३२५ |
| १२५८- ८१/०२/०७ | २०८१ जेठ | ३१९४१६ |
| १४०३- ८१/०३/०६ | २०८१ असार | ३१९४१६ |
| | जम्मा | ३६४२९३६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,४२,९३६ |

१४ **जिन्सी निरीक्षण**

जिन्सी निरीक्षण -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१५ **जिन्सी**

जिन्सी -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

• लेखापरीक्षण अवधिसम्म पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन ।

१६ **आर्थिक सहायता**

आर्थिक सहायता - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न व्यक्तिहरुलाई रु.२१००००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु .२४,७३,५४,०२९ को ०.८४ प्रतिशत हुन आउँछ ।

१७ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| बालकल्याण आ.वि भवन डि.पि.आर | अरनिको एसोसिएट्स/सन्देश श्रेष्ठ | ४७५१९८.०० | ४४९७४०.०० | २५६०१३९५.६५ |
| रोक्काटोल लिफ्ट खानेपानी | मेनस्टीम कन्सलटेन्ट/नारायण बडाल | ४७७२२२.०० | ४५२०००.०० | २३५३७५५८.३३ |
| जल्केनी कार्कीटार सडक डि.पि.आर | छलफल विजनेश एडभाईजरी/ बासुदेब नेपाल | ४९९२१२.०० | ४७३४७०.०० | ४०५४९६१२३.२८ |
| चौ.सा.गढी न.पा.भित्रका कित्ता जग्गाहरुको भू–उपयोग वर्गिकरण | सिद्धिकाली ई.प्रा.लि/शंकर प्रजापती | ४९९५७७.०० | ४९३८१०.०० | - |
| जम्मा: | | १९५१२०९.०० | १८६९०२०.०० | ४५४६३५०७७.२६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

१८ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक

महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसारपालिका भित्र १११ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## २० सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था भएपनि सबै योजनाको पूर्ण रुपमा सार्वजनिक परीक्षण एवं सार्वजनिक सुनुवाई भएको छैन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## २१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत १०० दिनले ८००० दिन रोजगारी उपलव्ध गराई रु ५३४४०००।- श्रमिक ज्याला खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## २२ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रकम खर्च गरेपनि के कति रकम खर्च भएको हो सो विवरण उपलब्ध भएन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

## २३ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## २४ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ।

## २५ मासिक डोर र ज्यालादारी कर्मचारी

बागमती प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था गरी ऐनमा तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी कसैले ज्यालादारी वा करारमा नियुक्ति गरेमा त्यसरी नियुक्त व्यक्तिले खाइपाइ आएको तलब भत्ता र अन्य सुविधा वापतको रकम नियुक्ति गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर हुने व्यवस्था गरेको छ। नगरपालिकाले खेलकुद प्रशिक्षक, सहायक कम्प्युटर अपरेटर, सब इन्जिनियर, सहायक कम्प्युटर अपरेटर, पशु, स्वास्थ्य प्राविधिक, ल्याब टेक्निसियन, मनोसामाजिक विमर्शकर्ता, ब्याकहो लोडर चालक, कार्यालय सहयोगी र सरसफाइ कर्मचारीलाई मासिक डोर तथा ज्यालादारीमा कार्य गराइ नमुना परीक्षण गरीएका भौचरहरु मध्ये ६५ वटा भौचरबाट जम्मा रु.५७,१९,९२०। भुक्तानी खर्च गरेको छ। उक्त खर्च नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५७,१९,९२० |

२६ **पालिका विविध, अतिथी सत्कार र वडा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध र अतिथी सत्कार खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष विविध खर्च, अतिथी सत्कार खर्च र वडामा भएका विविध खर्चका लागि रु. ८०,३५,०४९।- बजेट व्यवस्था गरी सोही रकम शत प्रतिशत खर्च भएको विवरण पेश भएको छ । विविध र अतिथि सत्कार खर्चलाई मितव्ययी बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

| क्र.सं | बजेट शिर्षक | वार्षिक बजेट | खर्च |
|---|---|---|---|
| १ | विविध खर्च | ३०५०००० | ३०५०००० |
| २ | अतिथी सत्कार खर्च | ७८५०४९ | ९८५०४९ |
| ३ | वडाको विविध खर्च -१४ वटा वडा | ४२००००० | ४२००००० |
| | जम्मा | ८०३५०४९ | ८०३५०४९ |

२७ **मेला तथा सभा संचालन खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन।तर पालिकाले यस वर्ष निम्नानुसारका मेला, पर्व, जात्रा र नगर सभा संचालनका लागि रु.१०,२८,०००। खर्च भएको विवरण पालिकाले उपलब्ध गराएको छ। खर्च न्युनिकरण गर्न पालिकाले ध्यानु दिनुपर्दछ।

| गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| ११५-०८०/०६/१५ | जनैपूर्णिमाको अवसरमा रानीपोखरी मेला व्यवस्थापन | ४७५०० |
| १४९७-०८१/०३/२० | चौतारा गौराती भिमसेन जात्रा | ४७५०० |
| १४५९-०८१/०३/१९ | छाप छुरतेन उ. स | ३८००० |
| १४०६-०८१/०३/१६ | सामुहिक बेल विवाह सिन्धु नेवाः खल | ४७५०० |
| ११९४-०८१/०२/३० | सेती देवी मन्दिर जात्रा व्यवस्थापन | ४७५०० |
| विभिन्न | नगर सभा संचालन खर्च | ८००००० |
| | जम्मा | १०२८००० |

२८ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन।त्यसै गरी पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले चौतारा साँगाचोकगढी नगरपालिकाको अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ तयार

गरेकोमा निर्देशिकामा भएको व्यवस्था भन्दा फरक रुपमा आर्थिक सहायता वितरण गरेको देखियो। नगर प्रमुखको तोकादेशमा रु. १५,०००। देखी रु.१,००,०००। सम्म औषधि उपचार र अन्य सहायता वापत वितरण गरेको साथै नगर भित्रका मृतक परिवारलाई आर्थिक सहायता वापत प्रति परिवार रु.५०००। का दरले वितरण गरेको छ। पालिकाले तयार गरेको मापदण्डको अधिनमा रही आर्थिक सहायता वितरण गर्नु पर्दछ।

| क्र. सं | बजेट शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | अन्य सामाजिक सहायता संघिय समानीकरण | ९५०००० | ४७५००० |
| २ | अन्य सामाजिक सहायता राजश्व बाँडफाड | ५५०००००० | ४७४८२९६ |
| ३ | अन्य सामाजिक सहायता आन्तरिक स्रोत | १०७५०० | ७७५०० |
| ४ | नगर भित्रका मृतक परिवारलाई आर्थिक सहायता | ३०००००० | २२७०००० |
| जम्मा | | ९५५७५०० | ७५७०७९६ |

२९ **जिन्सी दाखिलाको प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेसिफिकेशन खुलाई**PAMS System** मा जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। साथै गैरसरकारी संस्था, सामाजिक संस्था, विद्यालय वा अन्य निकायलाई सार्वजनिक हित प्रवर्धन उद्देश्यले आवश्यक सामाग्री खरिद गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरेमा सम्बन्धित निकायले दाखिला गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ । कार्यालयले सोही दाखिला फारमको रुजु गरी लगत कट्टा गर्नुपर्दछ। कार्यालयले कार्यालय प्रयोजनका लागि खरिद गरेको तर आफ्नो जिन्सीमा दाखिला नगरेको साथै हस्तान्तरण गर्नका लागि खरिद गरेका सामाग्रीहरु हस्तान्तरण गरेको तर सम्बन्धित निकायबाट दाखिला प्रतिवेदन प्राप्त नभएका केही भौचर परीक्षण गर्दा सो प्रमाण पेश नभएकोले सोको दाखिला प्रमाण पेश हुनपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | संस्थाको नाम | सामानको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ११३८- २०८१ / ०२ / १८ | आहालडाँडा ओपन जीम उपभोक्ता समिति | जिमका सामाग्रीहरु | ७९०५४८ | उ. सले जिन्सी दाखिला नगरेको |
| २२७- २०८० / ०६ / २६ | न्यू जुगल फर्निचर उद्योग | प्लाइउड र्याक निर्माण | १९८८८० | पालिकाले जिन्सी दाखिला नगरेको |
| २२८- २०८० / ०६ / २६ | जनजागृती मा. वी | सिसि क्यामरा | १३०११६ | विद्यालयले जिन्सी दाखिला नगरेको |
| १६६८- २०८१ / ०३ / २४ | श्री सेतीदेवी आ. वि , श्री डडुवा भवानी शंकर मा . वि र श्री कमल देवी आ . वि | विद्यालय सामाग्रीहरु | ५५००२ | विद्यालयले जिन्सी दाखिला नगरेको |
| १४७०- २०८१ / ०३ / २० | श्री डडुवा भवानीशंकर मा. वि | विद्यालय सामाग्रीहरु | १९०००० | विद्यालयले जिन्सी दाखिला नगरेको |
| १२९८- २०८१ / ०३ / ०९ | मंगला भैरव आ. वि | विद्यालय सामाग्रीहरु | ५७५५० | विद्यालयले जिन्सी दाखिला नगरेको |
| ११२६- २०८१ / ०२ / १६ | सातकन्या कालिका देवी आ. वि | विद्यालय सामाग्रीहरु | ४२३३४ | विद्यालयले जिन्सी दाखिला नगरेको |
| ६७७- २०८० / ११ / ०१ | गणेश आ. वि | विद्यालय सामाग्रीहरु | ९५००० | विद्यालयले जिन्सी दाखिला नगरेको |
| १४००- २०८१ / ०३ / १५ | रामदेवी मा. वि | खेलकुद सामाग्रीहरु | ३३२०० | विद्यालयले जिन्सी दाखिला नगरेको |
| | जम्मा | | १५९२६३० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,९२,६३० |

३० **जिन्सी मालसामानको व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ देखि १११ सम्म जिन्सी मालसामानको लिलाम बिक्रि सम्बन्धी प्रकियाको व्यवस्था गरेको छ। पालिकाले लेखापरीक्षण अवधि २०८१।०५।१३ सम्म जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन। नियमको पालना हुनुपर्दछ।

३१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.१६,६४,८३४।- बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की रु.१६,६४,८३४।- फस्र्यौट गर्न बाँकी रहेकोले नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| क्र.सं. | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|---|
| १ | १६२४ | नगर सभाखर्च | निरज विशंख | सहायकपाँचौ | ३,५०,०००.०० |
| २ | ५२२ | वडा भवननिर्माण/मर्मत | शुभारम्भईन्जिनियरिङ्ग कन्स्ट्क्सन एण्ड कन्सल्टेन्ट प्रा.लि | | १,३३,०१२.०० |
| ३ | ५८४ | वडा भवननिर्माण/मर्मत | शुभारम्भईन्जिनियरिङ्ग कन्स्ट्क्सन एण्ड कन्सल्टेन्ट प्रा.लि | | ७,००,०००.०० |
| ४ | २१ | मेलचौरचिलाउने कदमबास भैँसे सडक कालोपत्रे | सुबासकन्स्ट्रक्सन | | २,९१,८२२.०० |
| ५ | ६७९ | बिमा तथानविकरण खर्च | निरज विशंख | | २,००,०००.०० |
| कुल जम्मा | | | | | १६७४८३४.०० |

| | |
|---|---|
| पेश्की | १६,७४,८३४ |

३२ **धरौटी तर्फ** (४७/२०८१-२-२०):

आयकर ऐन २०५८ अनुसार निर्माण व्यवसायीले व्यवसायीक कारोबार गर्नु अगाडी आन्तरिक राजश्व कार्यालयमा दर्ता हुनुपर्ने र दर्ता पछाडी आफुले गरेको वार्षिक कारोबार आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था रहेको छ। निर्माण व्यवसायी भदौरे गणेश सानु सती देवी जेभी (६१३२७३१६७)ले गत वर्ष निर्माण काम गरेवापत कर चुक्ताको प्रमाण पत्र संलग्न गरी धरौटी माग गरेकोमा कार्यालयले रु.१,४७,३७२। भुक्तानी दिएको छ। आन्तरिक राजश्व कार्यालय बत्तिसपुतलीको चलानी नं २६८९ मिति २०८०।११।०८ गतेको पत्रमा निजले शुन्य कारोबार देखाएको उल्लेख छ। करदाताले आफुले गरेको कारोबार लुकाइ कर चुक्ता लिएको देखिएकोले उक्त रकम निजबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४७,३७२ |

३३ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३४ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा २३.१० देखि ४८.३४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा

उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं | काम को विवरण | निर्माण कर्ताको नाम | लागत अनुमान VAT र PS सहित | सम्झौता रकम VAT र PS सहित | फरकप्रतिशत |
|---|---|---|---|---|---|
| ०१/२०८०/०८१ | ल्याण्ड फिल्ड साइट जानेबाटो मर्मत, वडा नं. ५ | कार्की निर्माण सेवा | ३३२४६७१ | २०७२३२२ | ३७.६७ |
| ०२/२०८०/०८१ | इर्खु जंगलछाप सातदोबाटो मोटरबाटो, वडा नं. ८ | शोफिया बिल्डर्स | ३३२१८६२ | २०८५९३७ | ३७.२१ |
| ०३/२०८०/०८१ | चौतारा भुवागाउँ बतासे सडके, वडा नं. ३ | लक्ष्म कन्ट्रक्सन | ४७४९८१८ | २६४२४६९ | ४४.३७ |
| ०४/२०८०/०८१ | तरकारी संकलन केन्द्र साउने खोला मोटरबाटो ढलान तथा स्तरोन्नती, वडा नं. १४ | सुभम बिल्डर्स | ३३२३५१४ | २५४१६२६ | २३.५३ |
| ०५/२०८०/०८१ | जितपुर सिरानचौर वडा कार्यालय सम्मको सडक स्तरोन्नती, वडा नं. ९ | श्री भिमेशोर निर्माण सेवा | ४२७३५४१ | २१८५४५४ | ४८.८६ |
| ०६/२०८०/०८१ | आहालडाँडा डाँडापानी मोटरबाटो, वडा नं. ५ | घलेगऊँ निर्माण सेवा | २८४९२०० | १७६७९९५ | ३७.९५ |
| ०७/२०८०/०८१ | कुवापानी मोटरबाटो, वडा नं. २ | बिकाश निर्माण सेवा | २८४७७६४ | १७५६४४४ | ३८.३२ |
| ०८/२०८०/०८१ | जल्केनी कार्कीटार सुकुटे मोटरबाटो, वडा नं. १० | अल व जी कन्ट्रक्सन एंड सप्लाई | ३७९९००० | २०९७४७६ | ४४.७९ |
| ०९/२०८०/०८१ | चौतारा गिदाने मोटरबाटो, वडा नं. ६ | बुढाथोकी निर्माण सेवा | २३७४८८८ | १२२६९५० | ४८.३४ |
| १०/२०८०/०८१ | मेलचौर चिलाउने कदमबास भैँसे सडक कालोपत्रे | प्रशंसा निर्माण सेवा | १५१९७०२८ | ८८१६७९२ | ४१.९८ |
| ११/२०८०/०८१ | १ नम्बर वडा कार्यालय भवन निर्माण | सुभारम्भ इन्जिनेरिंग कन्ट्रक्सन एंड कन्सल्टेन्ट प्राइभेट लिमिटेडk | ११४८७०९४ | ८१५६४६९ | २८.९९ |
| १२/२०८०/०८१ | साँगाचोक भन्ज्याङ पँधेरा गढी सडके, वडा नं. १२ | शोफिया बिल्डर्स | ३३२४७६२ | १९३२८१४ | ४१.८७ |
| १३/२०८०/०८१ | कोटडाँडा हर्रे भुलभुले सडके, वडा नं. १३ | अनुस्का कन्ट्रक्सन | २३७४९९४ | १४१३७३७ | ४०.४७ |
| ०१/२०८०/०८१ सिलबन्दी | कप्तानपाटी ठाडोबाटो कला मन्दिर सडके, वडा नं. ५ | चौतारा निर्माण सेवा | १८९६२०० | १३२००१४ | ३०.३९ |
| १४/२०८०/०८१ | रोक्का टोल लिफ्ट खानेपानी आयोजना सार्की गाउँ | बुढाथोकी निर्माण सेवा | ७५९५१३५ | ५०७०५८८ | ३३.२४ |
| १८/२०८०/०८१ | मेलचौर चिलाउने कदमबास भैँसे सडक कालोपत्रे दोस्रो प्याकेज | सुबाश कन्ट्रक्सन | ५८४३५८५ | ३४३१०६९ | ४१.२८ |
| १५/२०८०/०८१ | कदमबास स्वास्थ्य चौकी भबन | श्याम कन्ट्रक्सन | ३६९१५६७ | २३८०४७० | ३५.५२ |
| १६/२०८०/०८१ | इर्खु स्वास्थ्य चौकी भबन | सुबाश कन्ट्रक्सन | ३६९१५१० | २०२७२८७ | ४५.०८ |
| १७/२०८०/०८१ | पनिचौर आधारभूत स्वास्थ्य केन्द्र भबन | शोफिया बिल्डर्स | ३६९१५१० | २२२९६७४ | ३९.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ०२/२०८०/०८१ सिलबन्दी | मेलचौर चिलाउने कदमबास भैँसे सडक कालोपत्रे तेस्रो प्याकेज | प्रशंसा निर्माण सेवा | १८९८७७१ | १४६००७४ | २३.१ |
| | जम्मा | | ९१५५६४१४ | | |

३५ **उपभोक्ताको काम ठेक्का मार्फत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिका लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ । कुनै निर्माण व्यावसायी वा सव कन्स्ट्रयाक्टरबाट काम गराउन सकिने छैन भन्ने व्यवस्था छ ।उपभोक्ताले रकम भुक्तानी लिन पेश गरेको कार्य विल, विल भर्पाई लगायतको कागजात परीक्षण गर्दा कार्य विलमा मानिसले काम गरेको देखिदैन। सबै काम मेशिनबाट कटिङ्ग मात्र गरेको देखिएको छ। पालिकाले उपभोक्ता समितिबाट गराएको केही कामको इन्जिनियरको रोहबरमा परीक्षण गर्दा उपभोक्ताले सम्झौता गरी निर्माण व्यवसायीबाट काम गराएको देखियो । उक्त निर्माण कार्य नियम सम्मत नदेखिएको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | विवरण | निर्माण व्यावसायीको नाम | रकम |
|---|---|---|---|---|
| ३९१-२०८०। १२।४ | लेखडाँडा धोविखोला मोटर बाटो निर्माण उ.स. | वडा नं. १ को बाटो निर्माण | घलेगाँउ निर्माण सेवा (६१७१५८३२९) | २८५००० |
| १८६-२०८०। ८।२८ | वडा स्तरी खेल मैदान उ.स. | वडा नं. २ मा खेल मैदान निर्माण | मिडमा सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. (६०६८१२५७६) | ३८०००० |
| २१३-२०८०। ९।१८ | वर्षात पछिको सडक सरसफाई उ.स. | वडा नं. ४ को सडक मर्मत | सिन्धु जुगल कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०६८१५७२५) | ६६५००० |
| १६९-२०८०। ८।१९ | सानो सिरुवारी मगुवा पौवा नेपाने शाखा सडक सरसफाई उ.स. | वडा नं. ७ को सडक मर्मत | जय गुरु निर्माण सेवा (५०५७१९५७०) | ४७५००० |
| १६८-२०८०। ८।१९ | मेलचौर चिलाउने मोटरबाटो उ.स. | वडा नं. ८ को सडक मर्मत | पि.एल.ए. विल्डर्स | २३७५०० |
| १९४-२०८०। ९।३ | खत्तली मोटर बाटो उ.स. | वडा १२ सडक मर्मत | एस.एस.जि. कन्स्ट्रक्सन (६१७२७८५२४) | ३१९७९५ |
| ३२७-२०८०। १०।२२ | वासपाटी खेल मैदान उ.स. | वडा नं. ४ सडक मर्मत | थर्ड आई भेईकल शोलुसन एण्ड प्रिटेष्ट सेन्टर प्रा.लि. (६०१८५११३०२) | १९०००० |
| १०६-२०८०। ६।२९ | वडा स्तरिय सडक सरसफाई उ.स. | वडा नं. १ सडक निर्माण | थर्ड आई भेईकल शोलुसन एण्ड प्रिटेष्ट सेन्टर प्रा.लि. (६०१८५११३०२) | ४७५००० |
| १४५-२०८०। ७।२३ | भादागाँउ कातर्चे फस्रे मोटर बाटो सरसफाई उ.स. | वडा नं. १ सडक निर्माण | मालिका देवि विल्डर्स प्रा.लि. (६०९५७२८८५) | ५३००२८ |
| १४३-२०८०। ७।२३ | वडा स्तरीय सडक सरसफाई उ.स. | वडा १३ सडक निर्माण | अनुस्का कन्स्ट्रक्सन (६१२६०२६७४) | ३८०००० |
| १४२-२०८०। ७।२३ | मेलचौर कल्लेरी आरुबोटे मोटरबाटो सरसफाई उ.स. | व८ नं. १४ सडक निर्माण | एस.जि.जि.कन्स्ट्रक्सन (६१७२७८५२४) | ४७५००० |
| १४६-२०८०। ७।२३ | जि बदलाङ्ग भेडावारी मोटर बाटो सरसफाई उ.स. | वडा नं. १ सडक निर्माण | मालिका देवि विल्डर्स प्रा.लि. | ३८०००० |
| ६-२०८०।५। २१ | वडा स्तरीय सडक मर्मत उ.स. | वडा नं. ९ सडक निर्माण | पि.एल.ए.विल्डर्स मर्मत (३०४००७६००) | २९६३०५ |
| ३८-२०८०।६। ४ | पोखरेखोला मोटर बाटो निर्माण उ.स. | वडा नं. ७ सडक निर्माण | शिवानु निर्माण सेवा (७१७३३८९६१) | ९५००० |
| ४२-२०८०।६। ४ | वडा मरिको बाटो सरसफाई उ.स. | वडा नं. १२ सडक निर्माण | एस.जि.जि. कन्स्ट्रक्सन | १९०००० |
| ४६-२०८०।६। ४ | डाँडापारी खेल मैदा उ.स. | वडा नं. ५ सडक निर्माण | पि.एल.ए. विल्डर्स | १९७९६९ |
| १५३-२०८१। १।१८ | वस्ते टोल भाख्लोगाउँ नयाँ इपाए निर्माण उ.स. | नयाँ ट्रयाक निर्माण | हुकुम विल्डर्स | २३७५०० |
| ३६२-२०८०। ११।२ | तप्से सडक निर्माण उ.स. | सडक निर्माण | एस. एस.पी कन्स्ट्रक्सन | १९०००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| **चालु** | | | | |
| २११-२०८०।६।२५ | वडाँ नं. ६ भित्रको मोटर बाटो मर्मत तथा सरसफाई उ.स. | वडा नं. ६ मोटर बाटो | रक्षा कन्स्ट्रक्सन | ४३५०५० |
| ९७३-२०८१।१।१४ | लप्से बाटो निर्माण उ.स. | बाटो निर्माण | घले गाउँ निर्माण सेवा | ९५००० |
| जम्मा | | | | ६५२९१४७ |
| | | | अनियमित भएको | ६५,२९,१४७ |

३६ **उपभोक्ता समितिबाट खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने वासिदा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट गराउनुपर्ने व्यवस्था छ । देहायका उपभोक्ता समूहबाट स्वास्थ्य चौकी निर्माण गरेको देखियो। पालिकाले उपलब्ध गराएको विवरणमा प्रतिस्पर्धाबाट काम गराउदा न्यूनटम २३ देखि ४८ प्रतिशत सम्म न्यून मूल्यमा गुणस्तरयुक्त काम भएको अवस्था छ। उपभोक्ताबाट लागत अनुमानमा नै सम्झौता गरी काम गराएको अवस्थाले मितव्ययी हुन सकेको छैन। सामान्यतया एउटै उपभोक्ता समितिबाट एक भन्दा बढी काम गराउनु हुँदैन । साथै एउटै काम पनि बजेट थप भएको कारण देखाई पटक-पटक सम्झौता गराएको छ । यस्ता जटिल प्रकृतिका कार्य तथा वास्तविक उपभोक्ता नभएको अवस्थामा स्वास्थ्य चौकी, वडा भवन जस्ता काम उपभोक्ताबाट गराउनु हुदैन। यस्तो कार्य नियम संमत नदेखिएको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १९-२०८१।२।१२ | गल्केमी स्वास्थ्य चौकी भवन निर्माण उ.स. | वडा नं. १० स्वास्थ्य भवन | १९००००० | पहिलो सम्झौता |
| ३७-२०८१।२।२६ | जल्केनी स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | वडा नं. १० स्वास्थ्य भवन | ५६७९०६ | दोस्रो सम्झौता |
| ५०-२०८१।३।२१ | जल्केनी स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | वडा नं. १० स्वास्थ्य भवन | १२०७८५७ | दोस्रो सम्झौता |
| ५७-२०८१।३।२३ | ठुलो वसिरुवारी स्वास्थ्य चौकी भवन निर्माण उ.स. | वडा नं. १३ को स्वास्थ्य चौकी भवन | ३६९०७५० | |
| | जम्मा | | ७३६६५१३ | |
| | | | अनियमित भएको | ७३,६६,५१३ |

३७ **आईरनको Ratio अनुपात**

भवन विभागको नर्म्समा लोडवेरीङ (वालसिस्टमा) आईरनको प्रयोग १ प्रतिशत र पिलर सिस्तममा सामान्य भवन १.५ प्रतिशत सम्म मात्र आईरनको प्रयोग गर्न पाईने उल्लेख छ । पालिकाले तयार गरेको ५ तले शित भण्डार मा आईरनको रेसियो १.७५ प्रतिशत मात्र देखिन्छ । तर उपभोक्ताले निर्माण गरेको एक तलाको भवनमा १.५ प्रतिशत भन्दा बढी आईरन प्रयोग गर्न नपाउनेमा बढी आईरन प्रयोग गरेकोले आईरनको परिमाण वापतको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | विवरण | आर सिसि परिमाण | आईरनको परिमाण | प्रयोग गर्न पाउने परिमाण | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| 37-२०८१।२।२९ | जल्केनी स्वास्थ्य चौकी भवन निर्माण उ.सी | १० नं. वडा स्वास्थ्य चौकी भवन निर्माण | ३१६६ घ.मी. (रु. ४३४, ४६१) | 4384.37 kg (६४४३७०.८५) | ३७२७.९६ Kg | 656.40 | 146.97 | 96471.84 |
| ५७-२०८१।३।२३ | ठुलो सिरुवारी भवन निर्माण उ.सी | १३ नं. वडा स्वास्थ्य चौकी भवन निर्माण | ५१.०३२ (६००२१४.९६) | ७१९७.५१ kg (१०५७८१८.०४) | ६००८ KG | 1189.51 | 146.97 | 174822.28 |
| जम्मा | | | | | | | | 271294.12 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७१,२९४.१२ |

३८ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ तथा नियम १२५ मा निर्माणको सामान आपूर्ति भएपछि सोको कार्य स्वीकार एवं कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्मबाट एच डि.पि.ई. पाईप खरिद गरी विभिन्न व्यक्ती वा संस्थालाई भरपाई गरी वितरण गरेको देखियो। उक्त पाइप प्रयोग भए नभएको वा उपभोक्ताको नामबाट पुन खानेपानीको कार्य गर्दा पुन प्रयोग भई दोहोरो भुक्तानी हुने जोखिम भएको हुँदा उक्त पाईप प्रयोग भएको आश्वस्त हुने विवरण सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| नगरपालिका पूँजिगत | | | |
|---|---|---|---|
| **भौ.नं. र मिति** | **आपूर्तकको नाम** | **विवरण** | **खर्च रकम** |
| ५४२-२०८१।१।१४ | जिगिसा हार्डवेयर एण्ड सप्लायर्स | HPDE-१५५०० मिटर पाइप | ८८३९२३ |
| ६६०-२०८१।२०८१।२। २० | श्याम सप्लायर्स | HPDE-४७०० मिटर पाइप | ९३८९१७ |
| **नगरपालिका चालु** | | | |
| १२०४-०८१/०२/३२ | श्री एशियन पाइप एण्ड पोलिमर्स उद्योग | विभिन्न साइजको पाइप खरिद | ४७४९९५ |
| ४८-०८०/०६/०५ | थापा भाडाँ पसल एण्ड इन्टरप्राइजेज | विभिन्न साइजको पाइप खरिद | २२८००० |
| १२५२-०८१/०३/०६ | बनेपा निर्माण सामाग्री सप्लाइ सेन्टर | विभिन्न साइजको पाइप खरिद | १७१००० |
| १४४४-०८१/०३/१ | थापा भाडाँ पसल एण्ड इन्टरप्राइजेज | विभिन्न साइजको पाइप खरिद | १३५८५० |
| १३१७-०८१/०३/११ | थापा भाडाँ पसल एण्ड इन्टरप्राइजेज | विभिन्न साइजको पाइप खरिद | ९५००० |
| १२४०-०८१/०३/०५ | थापा भाडाँ पसल एण्ड इन्टरप्राइजेज | विभिन्न साइजको पाइप खरिद | ३०००० |
| ९२०-०८१/०१/०३ | प्रिन्स एण्ड प्रियान्स हार्डवेयर | विभिन्न साइजका पाइपहरु | २८४९८८ |
| **सशर्त चालु** | | | |
| १६०-२०८१।२।२७ | सजना सप्लायर्स | GI Pipe Medium Class 2” dia६०० मिटरर GI /GI Flange ४ वटा | ३८०००० |
| **जम्मा** | | | **३६२२६७३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,२२,६७३ |

## ३९ सिधै खरिद

**निर्माणतर्फ** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा २ मा प्रतिस्पर्धालाई सिमिति हुनेगरी टुक्रा-टुक्रा खरिद गर्ने हुदैन भन्ने व्यवस्था छ। पालिकाले प्रतिस्पर्धाबाट निर्माण कार्य गर्दा ५२.३० प्रतिशत घटीसम्ममा काम भएको छ । पालिकाले स्थान विशेष र काम विशेष प्याकेजमा काम गराएको भए मितव्ययी तथा गुणस्तरयुक्त काम हुने थियो । सिधै काम गराएकोमा गुणस्तर परीक्षण नभएको तथा मितव्ययी समेत देखिएन । लागत अनुमान कै हाराहारीमा सिधै निर्माण गरेकोलाई नियम सम्मत मान्न सकिएन केही उदाहरण निम्न अनुसार छन्।

| सि.न | निर्माणव्यवसायीको नाम | कामको विवरण | ठेगाना | लागत अनुमान | सम्झौता | भुक्तानी |
|---|---|---|---|---|---|---|
| 1 | सुपर जुनियर बोम्जन निर्माण | ४ नं वडा कार्यालय भवन मर्मत | चौ.सा.गढी.न.पा–४ | १९९२९७ | १९०८५२ | १९००४९ |
| 2 | कनिष्मा निर्माण सेवा | चौतारा भिमसेन मन्दिर संरक्षण | चौ.सा.गढी.न.पा–५ | ९९८३१३ | ९५६०११ | ९५२२७८ |
| 3 | भैरवी ईनिजनियरिङ्ग | च्यानडाडा सिम्पानी सडक ढलान | चौ.सा.गढी.न.पा–४ | ९९९११२ | ९४९११२ | ९३९१२१ |
| 4 | रक्षा कन्स्ट्रक्सन | कामिहिटी हुदै ल्याण्डफिल जाने सडक मर्मत | चौ.सा.गढी.न.पा–५ | ७१२८१७ | ७१२८१७ | ७१०८०३ |
| 5 | वीर कन्स्ट्रक्सन | माथिल्लो देउराली गुम्बा सडक तथा ट्रस | चौ.सा.गढी.न.पा–४ | ९४४९४९ | ९०४९०८ | ९०४०१८ |
| 6 | सिन्धु सन्देश कनस्ट्रक्सन | नौविसे बतासे सडक खण्डमा प्लम वाल र ढलान | चौ.सा.गढी.न.पा–२ | ९९५६९७ | ९५३५०६ | ९३२८७७ |
| 7 | कनिष्मा निर्माण सेवा | नर्सरी जाने बाटो निर्माण | चौ.सा.गढी.न.पा–११ | ६०१०७३ | ५७५६०४ | ५७५३०६ |
| 8 | बज्र निर्माण सेवा | नगरपालिका गेट नजिक देखि धौचेत जाने बाटो सम्म सडक ढलान | चौ.सा.गढी.न.पा–५ | ९९९२०८ | ९९६०७२ | ९९१७२९ |
| 9 | अरनिमा निर्माण सेवा | प्र.प्र.अधिकृत क्वाटरको शौचालय तथा कोठा मर्मत | चौ.सा.गढी.न.पा–५ | २७५३५७ | २६३११३ | २६१५२७ |
| 10 | पि.एल.ए विल्डर्स | ईर्खु सातदोबाटो सडक ढलान | चौ.सा.गढी.न.पा–८ | ९९६५४४ | ९९६५४५ | ९९१२६४ |
| 11 | बुद्ध निर्माण सेवा | जल्केनी काकीटार मोटरबाटो अन्तर्गत काकीटोलमा नाली निर्माण | चौ.सा.गढी.न.पा–१० | ९९९२२४ | ९५६८८५ | ९४९०३१ |
| 12 | दिपेन्द्र कन्स्ट्रक्सन | न.पा.छतमा बिग्रियको टायल राख्ने कार्य | चौ.सा.गढी.न.पा–५ | ९८४२८ | ९८४२८ | ९३३९३ |
| 13 | न्यू होरिजन इन्जिनियरिङ्ग | टुँडिखेल देखि हस्पिटल सम्मको सडक खण्डमा सडक मर्मत कार्य । | चौ.सा.गढी.न.पा–५ | ९४९१५३ | ९४९१५३ | ९४६४२१ |
| 14 | बुढाथोकी निर्माण सेवा | चौतारा गिदाने झ्याडी मोटरबाटो | चौ.सा.गढी.न.पा–६ | ५९९७७६ | ५९९७६ | ५९७४६ |
| 15 | शिवान्सु निर्माण सेवा | ५ नं स्वास्थ भवन नजिक ट्रस निर्माण कार्य | चौ.सा.गढी.न.पा–५ | २९९६७१ | २८४६७१ | २८०८४२ |
| जम्मा | | | | १०६६८६१९ | ९८४७६५३ | ९७७८४०५ |

**विविध सामानतर्फ** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रू. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. २० लाख सम्म सिलबन्दी दरभाउभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासँग सीमाभन्दा बढि सोझै खरिद गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले पूजिंगत

र चालु किसिमका विभिन्न वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई देहायका फर्महरुबाट सोझै खरिद गरेको देखिन्छ। पालिकाले एकै किसिमका सामग्रीहरु लागत अनुमान बनाई बोलपत्र आह्वान विधिबाट खरिद गर्नुपर्दछ।

| **फर्मको नाम** | **गो.भौ.नं.** | **रकम** |
|---|---|---|
| एभरेष्ट बुक एण्ड स्टेशनरी | १३२।२०८०।६।१६नगरपालिका चालु | ९३१३८६ |
| | २१।२०८०।६।२६ संघीय सशर्त चालु | ५१४९७४ |
| | ३४।२०८०।७।२२ संघीय सशर्त चालु | ९८६६८५ |
| | ६०५।२०८०।१०।१७ नपा चालु | ९८१२० |
| | ९५।२०८०।१२।१४ शिक्षा चालु | ९८४६७५ |
| | ११७।२०८१।१।१६ शिक्षा चालु | ४६१८९६ |
| उमेद छापाखाना तथा स्टेशनरी | ८४।२०८०।६।९ नपा चालु | १४८०४३ |
| | १०।२०८०।६।२१ स्वास्थ्य चालु | २६६४१८ |
| | १६२।२०८०।६।२१ नपा चालु | २५६७२८ |
| | ६०६।२०८०।१०।१७ नपा चालु | ४९३२७६ |
| | ५१।२०८०।१०।२४ नपा चालु | २७०३८८ |
| | ४४।२०८१।२।२७ कृषि चालु | १०८६५७ |
| उडल्याण्ड फर्निचर | १३१।२०८०।६।१६ नपा चालु | ४८८३७० |
| | ६२।२०८०।९।३ स्वास्थ्य चालु | ४८७३३८ |
| | २९५।२०८०।१०।१५ नपा पूजिंगत | ४१२५५ |
| | ५८५।२०८०।१०।१५ नपा चालु | ९२४३४ |
| | ४२०।२०८०।१२।८ नपा पूजिंगत | १७९७३८ |
| | ९७५।२०८१।१।१४ नपा चालु | ४५७१५ |
| | २८०।२०८१।३।२३ संघीय सशर्त चालु | ५७०८८ |
| जम्मा | | ६९१३१८४ |

४० **पूर्व निर्धारित क्षतिपूर्ति** (६०२-२०८०-१०-१६):

६०२-२०८०।१०।१६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सामान आपूर्तीकर्तालि सम्झौता अनुसार सामान ढिला दाखिला गरेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित छतिपूर्ति दिनुपर्ने व्यवस्था छ । मिति २०८०।८।२८ मा मसलन्द सामान रु. ४७८०९५०।– मा ७० आईटम आपूर्ति गर्ने गरी आपूर्तक सालघारी इन्टरप्राईजेजसँग मिति २०८०।८।५ मा सम्झौता भएको थियो । तर आपूर्तकले ४३ दिन ढिला गरी सामान आपूर्ति गरेको र दाखिला गरेको प्रमाण संलग्न गोश्वारा भौचरमा देखिन्छ । नियम अनुसार सम्झौता रकमको प्रतिदिन रु. २३९.०५ ले ४३ दिने १०२७९.१५ पूर्व निर्धारित क्षतिपूर्ति निजबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२७९.१५ |

४१ **श्री स्याउले लप्टे मोटर बाटो निर्माण उपभोक्ता समिति** (576-२०८१-१-२१):

नगरपालिका पूँजिगत - उपभोक्तालाई संझौता अनुसार रकम दिनुपूर्व निर्माण काममा प्रयोग हुने सामग्रीको उपलब्धता, दर विश्लेषण अनुसार रकम भुक्तानी दिनुपर्दछ । श्री स्याउले लप्टे मोटर बाटो निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवापत उपभोक्ताको अंश कट्टा गरी रु. १५,२०,०००।– भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको कार्य बिल, भरपाई परीक्षण गर्दा हार्ठ कटीङ्ग २४४.२० घनमीटर छ। १:४ को ढुंगाको गह्रो लगाउने काम ६५.४९४ घनमीटर छ, ढुंगा स्वोईलिङ्ग १४.१२१ घनमीटर रहेको छ । बिल अनुसार २४४.२० हार्ड कटिङ्ग गर्दा प्राप्त हुने ढुंगा प्रयोग गरी ढुंगाको पर्खाल लगाएको देखिएकोले दर विश्लेषणमा १:४ ढुंगाको गाह्रो लागाउने प्रति मिटर रु. ८६१६.९८ मा ढुंगाको दर रु. १८२३.७८ घटाई रु. ६७९३.१२ को दरले ७५.४०४ घन मिटरमा रु. १३७५२० र स्टोन स्वोईलिङ्गमा रु. १९०३.०८ बढी दर राख्दा १४.१२१ घ.मी को रु. २६८७२.२६ समेत रु. १६४३९२.२६ उपभोक्तालाई बढी भुक्तानी भएको हुँदा बढी रकम भुक्तानी असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,३९२ |

## ४२ शित भण्डार

चौतारा साँगाचोक गढी नगरपालिका वडा नं. ४ मा अवस्थित कुपिण्डे दह दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको नाममा रहेको चार कित्ता जग्गा २ रोपनी ७ आना २ पैसा अर्थात १२५५.९५ घनमीटर क्षेत्रफल संघीय सरकार र नगरपालिकाले शित भण्डार (Cold Store) बनाउँदा प्रतिस्पर्धाको माध्यमबाट रु. २१२८८३१३ र एकै उपभोक्ता समितिबाट दुई पटक संझौता पत्र बनाई वाल लगाउने रु. २८,९२,७५० र टेवा पर्खाल निर्माण वापत रु. १४,२५,०००।– समेत रु. ४३,१७,७५०।– गरी रु. २,५६,०६,०६३।– खर्च भएको गोश्वारा भौचरको परीक्षण बाट देखिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

४२.१ पालिकाले निजी व्यक्तीहरुलाई भवन बनाउन पूर्व आवश्यक शुल्क लिई नक्सा पास बेगर भवन बनाउन दिने गरेको छैन । सरकारको ठुलो लगानी गरी तयार गरिने शित भण्डारको प्राविधिक दृष्टीले जटील विषयमा नक्सा पास बिना हचुवाको भरमा एउटै भवनमा पनि निर्माण व्यवसायीले स्ट्रक्चरको काम र उपभोक्ताले वाल लगाउने काम गरी फरक-फरक काम गर्नु उचित देखिएन। प्रतिस्पर्धाबाट निर्माण व्यवसायीबाट काम गर्दा १८.६६ प्रतिशत कम मा काम भएको छ भने उपभोक्ताले लागत अनुमानमै काम गर्दा मितव्ययी नदेखिएकोले यसमा पालिकाले स्पष्ट जवाफ दिएको छैन। माथि उल्लेखि फोटोमा स्ट्रक्चरको काम निर्माण व्यवसायीले र वाल लगाउने काम उपभोक्ताले गरेको छ ।

४२.२ कुपिण्डे दह दुग्ध सहकारी संस्था लिमिटेडको निजी जग्गामा संघीय सरकार र नगरपालिकाबाट लगानी गरी शितभण्डार तयार गर्न सहकारी र नगरपालिकाले आम लाभग्राहीले केकस्ता सुविधा प्राप्त गर्ने हो, त्यसको संचालन, संम्पत्तीको जिम्मा संचालन, उपभोग आदि विषयमा संझौता गरेको देखिएन । बीना सम्झौता एक सहकारीको जग्गामा सरकारी ठुलो लगानीको उपभोग नभई वा सिमित व्यक्तीले मात्र उपभोग लिने अवस्था देखिन आयो । यसतर्फ पालिकाले आवश्यक कदम चाल्नु आवश्यक छ ।

४२.३ गो भौ नं. १००-२०८०।६।२६, १३८-२०८०।९।३ र ३५२-२०८०।११।२ भवन निर्माण व्यावसायी मालिका देवी विल्डर्स (६०९५७२८८३) ले सम्झौता अनुसार र २,०२,२६,०७९.३९ मा सम्पन्न गर्नुपर्ने गरी मिति २०८०।१।२९ मा सम्झौता भएकोमा पुन माथिल्लो तलाको वरीपरी टप थप र पिलर थप गर्नपर्ने भएकोले रु. १०,३४,३१६.०७ को भेरीएसन भई रु. २,१२,६०,२९५.४६ कायम भएको थियो । सोही अनुसार उक्त रकममा नबढ्ने गरी रकम भुक्तानी दिनुपर्नेमा गत वर्ष र यस वर्ष गरी रु. २,१२,८८,३१३।– भुक्तानी दिएको देखिदा रु. २८,७१७.५४ बढी भुक्तानी भएको हुँदा निर्माण व्यवसायीबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. २८,७१७.५४

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,७१७.५४ |

४२.४ भवनको अवस्था हेर्दा र बजेट विनियोजनको अवस्था हेर्दा शितभण्डार ततकाल सञ्चालनमा ल्याई स्थानीय जनताले तत्काल लाभ लिनसक्ने अवस्था देखिदैन । यस बारे पालिका तथा तालुक निकाय समेत जिम्मेवार हुनुपर्दछ ।

## ४३ कर तथा शुल्क असुली

स्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली भएको विवरण पालिकाले पेश गरेको छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २८०००००० | २६४५६४२ | ९४.४० |
| घरजग्गा वहाल कर | २२०००००० | २४४१३१६ | ११०.९० |
| व्यवसाय कर | १६०००००० | १७७२८७५ | ११०.८० |
| वहाल विरौटी शुल्क | २०००००० | २५०० | १.२५ |
| जम्मा | ६८०००००० | ६८६२३३३ | १००.९० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

**असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ।

## ४४ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट प्राप्त आय | केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|---|
| ७१७४२४०००.०० | ६२०३२१११९.०० | २५९१४५०००.०० | ४१.७७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३८.८७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४५ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १७,७२,८७५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

४६ **राजस्व**

पालिकाले आन्तरिक आय संकलनका लागी कर संकलन र पालिका बीच इन्द्रवती नदीमा २०८०।३।३२ गते र सुनकोशी नदिमा २०८०।३।२७ मा सम्झौता भएको थियो । यस सम्बन्धमा देहाय अनुसार कैफियत देखिएको छ ।

| **सि.नं.** | **नदी** | **कर संकलक** | **विवरण** | **निकाल्न पाउने परिमाण** |
|---|---|---|---|---|
| १ | इन्द्रावती | वछला/सुदिक्षा ट्रेडिङ्ग जे.भी. | ढुंगा, गिट्टी, बालुवा आदि | १७२११८२२.०२ घ.मी. |
| २ | सुनकोशी | सुनकोशी<br>बिक्रम खाद्य स्टोर | ढुंगा, गिट्टी, बालुवा आदि | ५२८४४७७.०७ घ.मी. |

माथि उल्लिखित दुबै नदी तथा दुबै कर संकलकसँग भएको सम्झौता नं. १९ मा तोकिएको क्षेत्रबाट कुन कुन महिनामा कति नदी जन्य पदार्थ निकाल्ने हो सोको विवरण पालिकालाई एक महिना भित्र कर संकलकले पेश गर्नुपर्ने कर संकलकले सकभर नदीजन्य पदार्थको उत्खनन् सकभर आफैले गर्नुपर्ने र कर संकलकले अन्य व्यक्ति वा फर्मलाई दिएमा सोको सिफारिसको आधारमा पालिकाले स्वीकृती दिने उल्लेख छ । तर दुवै नदीका कर संकलकले सम्झौतामा उल्लेख गरे अनुसार सम्झौता अनुसार तोकिएको परिमाण मात्र नदीजन्य पदार्थ निकालेको हो होईन एकिन गर्न सकिएन । कर संकलक आफै नदि जन्य पदार्थ निकालेको वा अन्य व्यक्ति वा संस्थाबाट निकालेको हो सोको समेत विवरण पेश भएन। सम्झौता कार्यान्वयन गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

४७ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २००००००0।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. २१६७९०२८.७० अर्थात अनुमान भन्दा ८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४८ **राजश्व वाँडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| दहत्तर बहत्तर शुल्क | २२५४००००० | ९०१६०००० | ० | ९०१६०००० |
| विज्ञापन कर | २७५००० | ११०००० | ११०००० | ० |
| जम्मा | २२५४००००० | ९०२७०००० | ११०००० | ९०१६०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,०१,६०,००० |

४९ **दाखिला हुन बाँकी कर**

यस पालिकामा कर संकलनको लागि प्रयोग हुने सफ्टवेयरको वार्षिक शिर्षकगत प्रतिवेदनमा उल्लेख भए अनुसार देहायको वडा नं. ९ र कृषि तथा पशु विकास शाखा अन्तर्गत दाखिला रकम मध्ये रु. १८३०६८।– दाखिला गर्न बाँकी छ । लेखापरीक्षणको क्रममा सो संकलित रकम दाखिला भएको भौचर पेश नभएको हुँदा सो रकम सञ्चित कोषमा दाखिला गरी भौचर पेश गर्नुपर्ने रु.

| सि.नं. | शिर्षक | संकलित रकम | दाखिला रकम | दाखिला हुन बाँकी रकम |
|---|---|---|---|---|
| १ | वडा नं. ९ | ९९८४५४.४४ | ९२६५७४.४४ | ७१८८० |
| २ | कृषि तथा पशु विकास शाखा | १११९८८ | ० | १११९८८ |
| **जम्मा** | | | | **१८३०६८** |

| असुल गर्नुपर्ने | १,८३,०६८ |
|---|---|

५० **मिति बेगर भौचर**

यस पालिकाको वडा नं. ९ अन्तर्गत रु. ९९८४५४.४४ कर संकलन भएकोमा सो मध्ये भौचर नं ५४६३३ मा रु. ७१८७९.७० रकम भएको दाखिला भौचर रहेकोमा सो भौचरको मिति नखुलेको हुँदा सो भौचर यस वर्षको भए नभएको यकिन हुन नसकिएको रु.

| प्रमाण पेश नगरेको | ७१,८७९.७ |
|---|---|

५१ **राजस्व ढिला दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा समयमै राजस्व नबुझाएमा १० प्रतिशतका दरले दाखिला असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । देहायका दहत्तर बहत्तर वापतको कर संकलकले बुझाउनुपर्ने राजस्व ढिला बुझाएकोले ढिला वापतको जरिवाना देहाय अनुसार असुल गरी सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | कर संकलकको नाम | बुझाउनुपर्ने मिति | किस्ता | रकम | बुझाएको मिति | रकम | ढिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|---|---|
| १ | बच्छला/सुदिक्षा ट्रेडिङ्ग जे.भी., काठमाडौँ (इन्द्रावती) | २०८०।९।२९ | दोस्रो | ६९१२०००० | २०८०।१०।३ | ६९१२०००० | ४ | ७५७४८ |
| | | २०८०।२।२२ | तेस्रो | ४३२००००० | २०८०।३।२ | ४३२००००० | २ | २३६७१ |
| **जम्मा** | | | | | | | | **९९४१९** |
| २ | विक्रम खाद्य स्टोर, काभ्रे (सुनकोशी) | २०८०।९।२९ | दोस्रो | २१०४०००० | २०८०।११।१५ | २१०४०००० | ४५ | २५९३९७ |
| | | २०८०।३।३० | तेस्रो | १३१५०००० | २०८०।३।२६ | १३१५०००० | २६ | ९३६७१ |
| **जम्मा** | | | | | | | | **३५३०६८** |
| **कुल जम्मा** | | | | | | | | **४५२४८७** |

| असुल गर्नुपर्ने | ४,५२,४८७ |
|---|---|

५२ **राजश्व दाखिला**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १४ वटा वडा प्राप्त गरेको राजध

रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन। यसरी ढिला हुने गरी राजध रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानबिन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा ढिला दाखिला गरेको सम्बन्धमा कार्यालयले छानविन गरी ढिला रकम बापत जरिवाना यकिन गरी असुल गर्नुपर्दछ ।

| वडा नं. | महिना | राजश्व आम्दानी मिति | रकम | दाखिला मिति | रकम |
|---|---|---|---|---|---|
| 1 | श्रावण | 2080/04/01-32 सम्म | 140356.14 | 6/4/2080 | 126760.43 |
| 1 | | | | 080/8/28 | 135595.71 |
| 1 | भदौ | 2080/05/01-31 सम्म | 100426.69 | 080/8/10 | 100426.69 |
| 1 | असोज | 2080/06/01-30 सम्म | 89998.54 | 080/8/10 | 89998.54 |
| 1 | माघ | 2080/10/01-29 सम्म | 48362.3 | 080/12/05 | 48362.3 |
| 1 | चैत्र | 2080/12/01-30 सम्म | 55067.54 | 081/02/08 | 55067.54 |
| 1 | बैशाख | 2081/01/01-31 सम्म | 54334.67 | 081/02/28 | 54334.67 |
| 2 | श्रावण | 2080/04/01-32 सम्म | 12204.31 | 080/06/11 | 12204.31 |
| 2 | असोज | 2080/06/01-30 सम्म | 80204.5 | 080/7/23 | 80204.5 |
| 2 | कातिक | 2080/07/01-30 सम्म | 44365.92 | 080/8/21 | 44365.92 |
| 2 | मंसिर | 2080/08/01-30 सम्म | 90115.33 | 080/9/23 | 90115.33 |
| 2 | चैत्र | 2080/12/01-30 सम्म | 69038.24 | 081/0१/17 | 69038.24 |
| 2 | बैशाख | 2081/01/01-31 सम्म | 124761.05 | 081/02/17 | 124761.05 |
| 3 | श्रावण | 2080/04/01-32 सम्म | 65750.21 | 080/05/22 | 65750.21 |
| 3 | भदौ | 2080/05/01-31 सम्म | 41128.67 | 080/6/22 | 41128.67 |
| 3 | पुस | 2080/09/01-29 सम्म | 44368.22 | 080/10/24 | 44368.22 |
| 3 | माघ | 2080/10/01-29 सम्म | 55234.73 | 080/11/20 | 55234.73 |
| 3 | फागुन | 2080/11/01-30 सम्म | 37908.18 | 081/1/12 | 37908.18 |
| 3 | चैत्र | 2080/12/01-30 सम्म | 37394.89 | 081/02/13 | 37394.89 |
| 4 | श्रावण | 2080/04/01-32 सम्म | 37656.12 | 080/6/17 | 22456.12 |
| 4 | | | | 080/8/17 | 15200 |
| 4 | भदौ | 2080/05/01-31 सम्म | 73504.64 | 080/6/26 | 73504.64 |
| 4 | असोज | 2080/06/01-30 सम्म | 121995.8 | 080/8/21 | 121995.8 |
| 4 | फागुन | 2080/11/01-30 सम्म | 54112.9 | 080/12/27 | 54112.9 |
| 4 | चैत्र | 2080/12/01-30 सम्म | 57477.94 | 081/01/२७ | 57477.94 |
| 4 | बैशाख | 2081/01/01-31 सम्म | 110742.7 | 081/03/29 | 110742.7 |
| 5 | श्रावण | 2080/04/01-32 सम्म | 585627.32 | 080/5/17 | 246630 |
| 5 | असोज | 2080/06/01-30 सम्म | 476581.14 | 080/7/17 | 47658.14 |
| 5 | कातिक | 2080/07/01-30 सम्म | 145517.05 | 080/9/04 | 145517.05 |
| 6 | श्रावण | 2080/04/01-32 सम्म | 100285.61 | 080/5/18 | 100285.61 |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | भदौ | 2080/05/01-31 सम्म | 71896.47 | 080/7/15 | 71896.47 |
| 6 | माघ | 2080/10/01-29 सम्म | 20654.17 | 080/12/05 | 20654.17 |
| 7 | भदौ | 2080/05/01-31 सम्म | 131719.95 | 080/6/18 | 131719.95 |
| 7 | असोज | 2080/06/01-30 सम्म | 157949.53 | 080/8/12 | 157949.53 |
| 7 | कातिक | 2080/07/01-30 सम्म | 46230.19 | 080/8/24 | 46230.19 |
| 7 | माघ | 2080/10/01-29 सम्म | 81882.06 | 080/11/29 | 81882.06 |
| 7 | फागुन | 2080/11/01-30 सम्म | 48260.5 | 081/1/23 | 48260.5 |
| 7 | चैत्र | 2080/12/01-30 सम्म | 35977.47 | 081/01/23 | 35977.47 |
| 7 | बैशाख | 2081/01/01-31 सम्म | 79984.55 | 081/03/29 | 783768 |
| 8 | भदौ | 2080/05/01-31 सम्म | 99675.25 | 080/6/30 | 99675.25 |
| 9 | श्रावण | 2080/04/01-32 सम्म | 94892 | 080/7/20 | 94891.86 |
| 9 | भदौ | 2080/05/01-31 सम्म | 39018 | 080/7/20 | 39018.37 |
| 9 | पुस | 2080/09/01-29 सम्म | 35115 | 080/10/19 | 35115.08 |
| 9 | माघ | 2080/10/01-29 सम्म | 29126 | 080/12/01 | 29126.29 |
| 9 | चैत्र | 2080/12/01-30 सम्म | 46239 | 081/02/01 | 46238.77 |
| 10 | श्रावण | 2080/04/01-32 सम्म | 151990.79 | 080/08/22 | 19199079 |
| 10 | भदौ | 2080/05/01-31 सम्म | 74122.86 | 080/8/22 | 74122.86 |
| 10 | असोज | 2080/06/01-30 सम्म | 101504.99 | 080/8/22 | 101504.99 |
| 10 | कातिक | 2080/07/01-30 सम्म | 37574.02 | 080/8/22 | 37574.02 |
| 10 | फागुन | 2080/11/01-30 सम्म | 219557.78 | 081/01/17 | 219557.5 |
| 10 | बैशाख | 2081/01/01-31 सम्म | 165182.44 | 081/03/05 | 165182.44 |
| 10 | जेठ | 2081/02/01-32 सम्म | 105723.41 | 081/03/20 | 105723.41 |
| 11 | असोज | 2080/06/01-30 सम्म | 148658.01 | 080/7/23 | 148658.01 |
| 11 | कातिक | 2080/07/01-30 सम्म | 47880.3 | 080/09/04 | 47880.3 |
| 11 | पुस | 2080/09/01-29 सम्म | 177448.92 | 080/11/19 | 177448.92 |
| 11 | माघ | 2080/10/01-29 सम्म | 78730.81 | 080/11/18 | 78730.81 |
| 11 | चैत्र | 2080/12/01-30 सम्म | 111681.13 | 081/02/17 | 111681.13 |
| 11 | बैशाख | 2081/01/01-31 सम्म | 71256.51 | 081/02/17 | 71256.51 |
| 12 | श्रावण | 2080/04/01-32 सम्म | 85866.54 | 080/06/29 | 85866.54 |
| 12 | भदौ | 2080/05/01-31 सम्म | 99391.92 | 080/6/29 | 99391.92 |
| 12 | असोज | 2080/06/01-30 सम्म | 65409.33 | 080/7/23 | 65409.33 |
| 12 | | | 52273.28 | 080/08/26 | 52273.28 |

| | | | | | |
|---|---|---|---|---|---|
| | कातिक | 2080/07/01-30 सम्म | | | |
| 12 | मंसिर | 2080/08/01-30 सम्म | 47973.39 | 080/9/23 | 47973.39 |
| 12 | पुस | 2080/09/01-29 सम्म | 59338.95 | 080/11/06 | 59338.95 |
| 12 | फागुन | 2080/11/01-30 सम्म | 19309.24 | 080/12/27 | 19309.24 |
| 12 | बैशाख | 2081/01/01-31 सम्म | 93107.05 | 081/03/18 | 93107.05 |
| 12 | जेठ | 2081/02/01-32 सम्म | 96764.72 | 081/03/18 | 96764.72 |
| 13 | श्रावण | 2080/04/01-32 सम्म | 61901.87 | 080/06/11 | 61901.87 |
| 13 | असोज | 2080/06/01-30 सम्म | 111741.98 | 080/8/19 | 111741.98 |
| 13 | कातिक | 2080/07/01-30 सम्म | 43784.72 | 080/08/19 | 43784.72 |
| 13 | पुस | 2080/09/01-29 सम्म | 65277.44 | 080/11/06 | 65277.44 |
| 13 | चैत्र | 2080/12/01-30 सम्म | 36207.43 | 081/02/13 | 36207.43 |
| 13 | बैशाख | 2081/01/01-31 सम्म | 41599.99 | 081/02/23 | 41599.99 |
| 13 | जेठ | 2081/02/01-32 सम्म | 48372.5 | 081/03/30 | 48372.5 |
| 14 | भदौ | 2080/05/01-31 सम्म | 97841.59 | 080/6/23 | 97841.59 |
| 14 | असोज | 2080/06/01-30 सम्म | 86255.61 | 080/8/17 | 86255.61 |
| 14 | कातिक | 2080/07/01-30 सम्म | 15388.84 | 080/08/17 | 15388.84 |
| 14 | फागुन | 2080/11/01-30 सम्म | 43627.61 | 080/12/18 | 43627.61 |
| 14 | चैत्र | 2080/12/01-30 सम्म | 50060.67 | 081/01/20 | 50060.67 |
| 14 | जेठ | 2081/02/01-32 सम्म | 102354.13 | 081/03/26 | 102354.13 |
| जम्मा | | | | | |

## ५३ रिजेक्ट भौचर

पालिकाले उठाउने सम्पूर्ण मालपोत कर, राजस्व, बहाल कर, सिफारिस दस्तुर लगायतका करको लागि सफ्टेक इन्फोसिस प्रा.लि. काठमाडौँले निर्माण गरेको कर संकल प्रणाली प्रयोग गर्दै आएको छ । यस वर्ष यस पालिकाले सो सफ्टवेयर को वार्षिक प्रतिवेदन हेर्दा रु. १८९५६३८६.८७ कर संकलन गरेको देखिन्छ। यस कर प्रणालीमा भुल बस कुनै भौचर काट्दा रिजेक्ट भएको भौचरको विवरण पालिकाले प्रयोग गर्ने एडमिनमा रिजेक्ट भएको सम्पूर्ण विवरण देखिएको पाईएन। यस सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ।

## ५४ बैठक तथा अनुगमन भत्ता

५४.१ **अनुगमन भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को ३(क)मा पदाधिकारीले पाउने सुविध सम्बन्धि व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठी, तालिम तथा कार्यक्रम तथा निर्माण कार्यको अनुगमन गरेवापत अनुगमन भत्ता पाउने देखिँदैन । भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उप नियम (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउमा एकै दिन गई फर्कने सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च पाउने उल्लेख छ । पालिकाका पदाधिकारीहरुले विभिन्न कार्यक्रम तथा निर्माणकामको अनुगमन गरेवापत सुत्रबाट जनप्रतिनिधि सहित ४५ जना पदाधिकारी तथा कर्मचारीले रु. ५०,४०,४६६।- विभिन्न तर्फबाट अनुगमन भत्ता खर्च

लेखेको देखियो । वास्तविक जानुपर्ने काम भए दैनिक भ्रमण भत्ता बाट खर्च लेख्नुपर्नेमा अनुगमन भत्ता वापत कर बाहेक खर्च लेखेको नियम संमत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,४०,४६६ |

५४.२ **बैठक भत्ता** - पालिकाले ४५ जना पदाधिकारी तथा कर्मचारीले अस्वभाविक रुपमा एकैदिन पटकपटक दोहोरो, तेहोरो सम्म वैठक भत्ता, सोही दिन अनुगमन भत्ता समेत लिएको सम्बन्धमा नगरप्रमुख सहितको छलफलमा नगरप्रमुख, प्रमुख प्रशासकिय अधिकृत लगायतका कर्मचारीले आफै छानविन गरी नपाउने दोहोरो, तेहोरो वैठक भत्ता असुल गरी लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन अगावै दाखिला गर्ने प्रतिवद्धता भएको थियो। सोही अनुसार पालिकाले पत्र संख्या २०८१।८२ चलानी नं १९२ मिति २०८१।०६।२१ गतेको पत्रबाट ३१ जना कर्मचारीहरुको रु.४६,२१,०००।– रकम संघिय बेरुजु खाता (१५१११) मा दाखिला गरेको सक्कल भौचर पेश भएको छ। तर देहायका व्यक्तिहरुले नपाउने वैठक भत्ता दाखिला गरेको नदेखिएकोले निजहरुको सम्बन्धमा पुनः छानविन गरी पाउने भत्ता कटाई नपाउने वैठक भत्ता असुल गरेको प्रमाण पेश हुनुपर्ने रु.

| **पद** | **नाम** | **रकम रु.** |
|---|---|---|
| नि० प्र.प्र.अ (२ महिना मात्र) | पुष्पराज ढकाल | ५५०००० |
| ज.स्वा.अ | दिनेश नेपाल | २००००० |
| प.हे.न | मन्जु रोका मगर | २००००० |
| ह.स.चा | भोज बहादुर पुरी | २०००० |
| ह.स.चा | जबर सिंतामाङ | १५००० |
| पशु.चि.अ | अर्जुन बहादुर खड्का | ६०००० |
| पशु.अ.छैठौ | मैया घिसिङ | १७००० |
| क.अ | मिलन लामा | २०००० |
| रोजगार सहायक | अर्जुन शर्मा | २०००० |
| क.अ | सुनिल सापकोटा | १८००० |
| का.स | रवि लामा | १०००० |
| **जम्मा** | | **११३००००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३०,००० |

५५ **सट्टा शिक्षक**

शिक्षा ऐन, २०४९ को दफा १९ अनुसार नेपाल सरकारले विद्यालय क्षेत्रमा काम गर्नेस्रोत व्यक्तिहरुको काज फिर्ता गरेको अवस्थामा नगरपालिका वित्तिय अनुदान अन्तरगत सुकुटे माध्यामिक विद्यालयका मा.वि.तृतिय शिक्षक (करार) श्री गोपाल खड्कालाई पालिकामा

काजमा राखी अर्को सट्टा शिक्षक नियुक्ति गरेको पाइयो। स्रोत शिक्षक समेत राख्न नमिल्ने अवस्थामा सम्बन्धितलाई काज फिर्ता गर्नुपर्दछ। अतः दोहोरो नियुक्ति गरी वार्षिक तलब भत्तामा रु.६,१९,९५७। भुक्तानी गरेकोले बढी व्ययभार परेको रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ६,१९,९५७ |
|---|---|

५६ **बढी दरमा भत्ता भुक्तानी**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा ५ मा पदाधिकारीहरुले कार्यालयको कामको सिलसिलामा भ्रमण गरेमा अनुसुची १(क) मा भएको व्यवस्था बमोजिम दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ। निम्नानुसारका पदाधिकारीहरुलाई अनुसुचीमा तोकिएको दर भन्दा बढी दरमा भत्ता भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं/मिति | पदाधिकारीको नाम | भ्रमण स्थान | भुक्तानी दर | पाउने दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १५५४- ०८१ / ०३ / २३ | वडा अध्यक्ष वडा नं ४ श्री कुमार शर्मा | काठ्माडौँ ( २ पटक ) | १६०० प्रति दिन | १२०० प्रति दिन | ५००० |
| १५५४- ०८१ / ०३ / २३ | नगर प्रमुख श्री कृष्ण प्रसाद सापकोटा | काठ्माडौँ र धुलिखेल ( ४ पटक ) | २००० प्रति दिन | १८०० प्रति दिन | ५००० |
| १५५४- ०८१ / ०३ / २३ | वडा अध्यक्ष वडा नं २ श्री सुदिप श्रेष्ठ | काठ्माडौँ र हेटौँडा ( ८ पटक ) | १६०० प्रति दिन | १२०० प्रति दिन | २०००० |
| २२३-०८०/०६/२६ | वडा अध्यक्ष वडा नं २ श्री हेम बहादुर तामाङ | काठ्माडौँ | १६०० प्रति दिन | १२०० प्रति दिन | १३०० |
| २२३-०८०/०६/२६ | नगर प्रमुख श्री कृष्ण प्रसाद सापकोटा | काठ्माडौँ र हेटौँडा ( ३ पटक ) | २००० प्रति दिन | १८०० प्रति दिन | ३७५० |
| १०२९- ०८१ / ०१ / २१ | वडा अध्यक्ष वडा नं ४ श्री कुमार शर्मा | काठ्माडौँ ( ४ पटक ) | १६०० प्रति दिन | १२०० प्रति दिन | १०००० |
| ९९३-०८१/०१/१८ | नगर प्रमुख श्री कृष्ण प्रसाद सापकोटा | काठ्माडौँ र हेटौँडा ( ४ पटक ) | २००० प्रति दिन | १८०० प्रति दिन | ५००० |
| ९९३-०८१/०१/१८ | वडा अध्यक्ष वडा नं २ श्री सुदिप श्रेष्ठ | काठ्माडौँ र हेटौँडा ( ५ पटक ) | १६०० प्रति दिन | १२०० प्रति दिन | १२५०० |
| जम्मा | | | | | ६२५५० |

| असुल गर्नुपर्ने | ६२,५५० |
|---|---|

५७ **अतिरिक्त समय काम गरेवापतको भत्ता**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका (आठौँ संस्करण) २०७७ को ७.१.४ मा खाजा/खाना खर्च र प्रोत्साहन भत्ताको व्यवस्था गरेकोमा खाजा/खाना खर्च प्रदान गर्नका लागि अनिवार्य रुपमा विद्युतिय हाजिरी प्रणाली लागु भएको हुनुपर्ने व्यवस्था गरेको छ। स्थानीय तहले कानुन तथा कार्यविधि वेगर कार्यालयका सम्पुर्ण कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराए पश्चात पुनः आ.व २०८०/८१ को वार्षिक नगर विकास योजनाको निर्णय नं १० मा कार्यालय समय बाहेक दैनिक २ घण्टा सम्म काम गरेवापत शाखा प्रमुखले कामको प्रकृति खुलाई प्रशासन शाखाको सिफारिसको आधारमा कार्यालय प्रमुखसँग स्वीकृति गराई तोकिए बमोजिमको खाना तथा खाजा भत्ता पाउने साथै प्राविधिक भत्ता पाउने कर्मचारीले नगरपालिका क्षेत्रभित्र फिल्डमा गए वापत र अतिरिक्त समयमा कार्यालयको काम गरे वापत ओभरटाइम खाजा तथा खाना भत्ता नपाउने व्यवस्था गरी कार्यालयमा विद्युतिय हाजिरी नभएको अवस्थामा विहान बेलुका काम गरेको भनी देहाय बमोजिमका भौचरबाट शाखा प्रमुख, प्राविधिक, कम्प्युटर अपरेटर, वडा सचिव,

कार्यालय सहयोगी र प्राविधिक भत्ता पाउने कर्मचारीले पनि निम्नानुसार खाना तथा खाजा भत्ता वापत भुक्तानी लिएको छ। निर्देशिका विपरित उक्त रकम भुक्तानी भएकोले अनियमित देखिएको रु.

| गो. भौ . नं/मिति | विवरण | कर्मचारीको संख्या | रकम कर बाहेक |
|---|---|---|---|
| १९६- ०८० / ०६ / २४ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | २३ जना | २८०७५५ |
| २५०- ०८० / ०६ / ३० | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | ७ जना | ८२८७५ |
| ३३६- ०८० / ०७ / २४ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | ३ जना | ४४११५ |
| ४२८- ०८० / ०९ / ०३ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | १ जना | १४७९० |
| ४९७- ०८० / ०९ / २० | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | १ जना | ७६५० |
| ६८०- ०८० / ११ / ०१ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | ३९ जना | ८२७९८५ |
| ६८९- ०८० / ११ / ०२ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | २ जना | ३९२७० |
| ७६५- ०८० / १२ / ०६ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | २ जना | ४५९०० |
| ९१२- ०८१ / ०१ / ०३ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | १ जना | १२७५० |
| १०२८- ०८१ / ०१ / २८ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | ७ जना | ९१८४३ |
| १५५५- ०८१ / ०३ / २३ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | ३८ जना | ५१६७५८ |
| १६६१- ०८१ / ०३ / २४ | अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी | ३ जना | ३८२५० |
| | जम्मा | | २००२९४१ |

| | |
|---|---|
| अनियमित भएको | २०,०२,९४१ |

५८ **पदाधिकारी बिमा** (८७-२०८०-६-९):

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ मा स्थानीय तहका पदाधिकारीहरुलाई जीवन बिमा वापतको सेवा उपलब्ध गराउने व्यवस्था गरेको देखिदैन। पालिकाले रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड सँग ७५ जना जनप्रतिनिधिको मिति २०८०/०६/०८ गते देखि १ वर्ष सम्मका लागि बिमा तथा नविकरण खर्च शिर्षकबाट जम्मा रु.२,५८,५००। खर्च गरेको छ। कानुनमा व्यवस्था गरी मात्र यस्तो खर्च लेख्नु पर्नेमा ऐनमा व्यवस्था नभएको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५८,५०० |

५९ **दरबन्दीभन्दा बढी**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवा संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सर्वेक्षण गर्दा दरबन्दी सिर्जना वा पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिए सोको कारण र औचित्य खुलाई स्वीकृतिका लागि नगर कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने, पेस गरिएको दरबन्दी आवश्यकता र औचित्य समेतको आधारमा नगर सभाले प्रस्ताव स्वीकृत गर्न सक्ने व्यवस्था छ। त्यस्तै दफा ७ मा माथि उल्लेखित प्रकृया बमोजिम दरबन्दी स्वीकृत भएपछि स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तहसमेत खुल्ने गरी संगठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले १ महिनाभित्र प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने र प्रदेश किताबखानाबाट पददर्ताको जानकारी प्राप्त भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ। तर पालिकाले माथि उल्लेखित प्रकृया पुरा नगरी तपसिलका पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी पदपूर्ति गरी जम्मा रु.८०,१९,२९९। खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| सि. नं | कार्यरत/ पद | स्वीकृत दरबन्दी | पदपूर्ती संख्या | बढी | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | नगरपालिका/ प . हे . न | १ जना | १ जना स्थायी र १ जना करार | १ जना करार | ५७७९५७ |
| २ | वडा/ स . क . अ | - | ५ जना करार र ५ जना ज्यालादारी | १० जना | ४३७७२६० |
| ३ | स्वास्थ्य चौकी हे. ई चौथौँ | ९ जना | १२ जना करार र १ जना स्थायी | ४ जना करार | १७५०९०४ |
| ४ | स्वास्थ्य चौकी क. न चौथौँ | ९ जना | २ जना स्थायी र १० जना करार | ३ जना करार | १३१३१७८ |
| | जम्मा | | | | ८०१९२९९ |

| अनियमित भएको | ८०,१९,२९९ |
|---|---|

६० **पदाधिकारी घरभाडा**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था छ। उक्त व्यवस्थाको अनुसुची १ (क), १ (ख) र १ (ग) मा पदाधिकारीलाई घरभाडा वापत सुविधा उपलब्ध गराउने व्यवस्था गरेको देखिदैन। कार्यालयले वडा नं ५ का झलक बहादुर थापाको घर नगरपालिका उपप्रमुखका लागि भाडामा लिइ बत्ति, पानी र इन्टरनेट बाहेक मासिक रु.१२,०००। का दरले भुक्तानी गर्ने सम्झौता गरी बत्ति, पानी र इन्टरनेट बाहेक रु.१,४४,०००। भुक्तानी गरेकोमा ऐनमा नभएको सुविधा भुक्तानी भएको खर्च अनियमित देखिएको रु.

| अनियमित भएको | १,४४,००० |
|---|---|

६१ **सल्लाहकार**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ बमोजिम स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव वा सल्लाहकार राख्न पाउने व्यवस्था नभएको तथा बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ बमोजिम स्थानीय तहका आवश्यकता र कार्यबोझका आधारमा मुल्याङ्कन गरी पालिकाले संगठन तथा दरबन्दीको प्रस्ताव तयार गर्ने र नगर कार्यपालिकाबाट स्वीकृत गरी प्रदेश किताबखानामा पद दर्ता गराउनुपर्ने व्यवस्था छ। पालिकाले दरबन्दी नभएको पद नगर प्रमुख राजनीतिक सल्लाहकारको रुपमा चन्द्र प्रसाद सापकोटालाई नियुक्ति गरी निम्नानुसार तलब भत्ता दिएकोले बढी व्ययभार परेको रु.

| अनियमित भएको | ४,८८,४०० |
|---|---|

६२ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सुचना प्रविधि कर्मचारी, सब इन्जिनियर, पशु चिकित्सक, उविस पाचौँ, अमिन, ओसी, असई, कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, न्यायिक सहजकर्ता, मनोपरामर्शकर्ता, ना.प.से.प्रा, जे.टी, कृषि, पशु, फिल्ड, स्वास्थ्य, अनमी, अहेव पदमा ५६ जना करार नियुक्ति गरी रु. २,५५,०४,४७८। तलब भत्ता भुक्तानी गरेको छ।

६३ **प्रशिक्षक भत्ता**

कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । यस मापदण्डले नगरपालिकास्तरमा सञ्चालन हुने ३० कार्यदिनसम्म सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई प्रतिदिन रु. ७०० र ३० कार्यदिन भन्दा बढी अवधि सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा

मुख्य प्रशिक्षकलाई मासिक रु. १०,०००। दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न स्थानमा सीप विकास तालिम सञ्चालन गर्दा निम्न प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता उपलब्ध गराएकोले बढि रकम असुल गर्नुपर्ने रू.

| गो.भौ.नं. | तालिमको नाम | अवधि | प्रशिक्षकको नाम | निर्देशिकाअनुसार हुनुपर्ने | भुक्तानी भएको रकम | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १८९।२०८१।३।२ संघीय सशर्त चालु | सरसफाई सामग्री उत्पादन पुनर्ताजगिय तालिम | ५ दिन | श्री सन्तोष कुमार सुवेदी | ३५०० | २१२५० | १७७५० |
| ३०१।२०८१।३।२४ संघीय सशर्त चालु | दालमोठ, भुजिया, चिप्स उत्पादन तालिम | ५ दिन | श्री साजन नकर्मी | ३५०० | २१२५० | १७७५० |
| ३०१।२०८१।३।२४ संघीय सशर्त चालु | सिस्नो प्रसोधन तालिम | ५ दिन | श्री हरि वि.क. | ३५०० | २१२५० | १७७५० |
| जम्मा | | | | | | ५३२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,२५० |

## ६४ फरक शीर्षकबाट खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा अधिकारप्राप्त अधिकारीले बजेट खर्च गर्दा स्विकृत वार्षिक बजेट तथा कार्यकम र सम्वन्धित खर्च शिर्षककमा परेको र खर्च गर्न बाँकी रहेको कुरा यकिन गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। जसका लागि महालेखा नियन्त्रक कार्यालयबाट जारी भएको एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिएको खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तपसिलका खर्च फरक खर्च शिर्षकबाट भुक्तानी गरेको पाईन्छ। महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या २०७४ बमोजिम भन्दा फरक खर्च शिर्षकमा खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं. | स्वीकृत खर्च शीर्षक | स्वीकृत शीर्षक | खर्च रकम |
|---|---|---|---|
| २१,२०८०।६। २६, संघीय शशर्त चालु | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयूर्वेद औषधालयहरूमा कार्यरत कर्मचारीहरूको स्वीकृत दरबन्दी अनुसारको तलव, मंहगी भत्ता र पोषाक भत्ता | स्टेशनरी सामग्री | ५४०८१८ |

| | |
|---|---|
| अनियमित भएको | ५,४०,८१८ |

## ६५ नाफामूलक संस्थालाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम लाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। तर पालिकाले यस वर्ष निम्नानुसारका नाफामुलक संस्थालाई रु.२१,८६,३००।अनुदान उपलब्ध गराएको रकम नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं/मिति | संघसंस्थाको नाम | अनुदानको विवरण | अनुदान रकम |
|---|---|---|---|
| २२-०८०/०६/०४ | शिवशक्ति केमिकल एण्ड सप्लायर्स | साबुन उद्योग विस्तार | ९५०००० |
| १६१०-०८१/०३/२४ | बतासे एकिकृत बचत तथा ऋण सहकारी संस्था लि. | इन्टरनेट, सहकारी सफ्टवेयर र सिसिटिभि जडान | १९०००० |
| १५९८-०८१/०३/२४ | शुभ टाइम्स साप्ताहिक पत्रिका | कम्प्युटर खरिद वापत | ६७८०० |
| १५१२-०८१/०३/२१ | साना किसान कृषि सहकारी संस्था लि. | कार्यालय व्यवस्थापन र सहकारी सफ्टवेयर | ४७५०० |
| १५०५-०८१/०३/२१ | ठुलो सिरुवारी साना किसान कृषि सहकारी संस्था लि. | डेक्सटप, ल्यापटप र प्रिन्टर | २८५००० |
| १४५६-०८१/०३/१९ | ठुलो सिरुवारी साना किसान कृषि सहकारी संस्था लि. | डेरी व्यवस्थापनको लागि डिफ्रिज खरिद | ९५००० |
| १३३५-०८१/०३/१२ | कुविण्डे दुग्ध उत्पादक सहकारी संस्था लि. | डेक्सटप, ल्यापटप र फर्निचर खरिद | २६६००० |
| १५४-२०८१।२।२० | हेलम्बु एफ एम प्रा लि | २ कोठे ट्रष्ट भवन | २८५००० |
| जम्मा | | | २१८६३०० |

| | |
|---|---|
| अनियमित भएको | २१,८६,३०० |

६६ **सहुलियतपूर्ण ऋणको व्याजमा अनुदान**

चौतारा साँगाचोकगढी नगरपालिकाको स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम कार्यविधि, २०७७ र चौतारा साँगाचोकगढी नगरपालिकाको उद्यमीलाई ऋणको व्याजमा अनुदान दिने कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम चौतारा साँगाचोकगढी नगरपालिका र नेपाल बैंक लिमिटेड धर्मपथबीच मिति २०७७/०७/१९ मा सम्झौता भएको थियो। नगरपालिकाले नेपाल बैंक लिमिटेड चौतारा शाखामा मिति २०७८/०२/३१ मा रु.१ करोड सुरक्षण वापत घुम्ती कोष खडा गरी नेपाल बैंक लिमिटेड चौतारा शाखाले नगरपालिका भित्रका स्वरोजगार उद्यमीलाई व्यापार व्यवसायमा पूँजीको व्यवस्था गर्नका लागि बिना धितो उद्यमी व्यक्तिलाई रु. ५ लाख र उद्यमी समुहलाई रु. १० लाख ऋण उपलब्ध गराइ पाँच बर्षको समय अवधि भित्र फर्ता गर्ने गरी दिने र पाँच वर्ष भित्र ऋण चुक्ता नगरेमा पालिकाले राखेको सुरक्षण रकमबाट नेपाल बैंक लिमिटेड चौतारा शाखाले चुक्ता गर्ने व्यवस्था बमोजिम जम्मा ३४ जनालाई रु.१,७०,००,०००। ऋण उपलब्ध गराएको छ। यसरी ऋण दिँदा कानूनी आधार, पारदर्शिता र प्रभाव मुल्याङ्कन समेत हुनुपर्दछ । यसरी उपलब्ध गराएको ऋणमा उद्यमीले वार्षिक ब्याजको २ प्रतिशत र बाकी ब्याज पालिकाले व्यहोरी ब्याज अनुदान दिने गरेको छ। यस वर्ष पालिकाले रोजगार शिर्षकको निम्नानुसारको भौचरबाट ब्याज अनुदान वापतको रकम नेपाल बैंकलाई भुक्तानी दिएकोमा हाल सम्म कुन व्यक्तिलाई के कति ऋण उपलब्ध भयो, हाल सम्म कति रकम ब्याज वापत भुक्तानी भयो, उद्यमीले के कति रकम चुक्ता गरे साथै उपलब्ध गराएको ऋणको के काममा सदुपयोग भयो भनी पालिकाबाट अनुगमन गरी प्रतिवेदन तयार गरी पालिकामा अभिलेख राखी सभामा छलफल समेत भएको देखिएन। सुरक्षण वापत राखिएको रकमलाई पालिकाले वित्तिय विवरणमा समेत देखाएको पाइएन। पालिकाले वित्तिय विवरणमा बैंक मौज्दात वापत रु.१ करोड समावेश गर्नुपर्ने रु.

| गो. भौ . नं / मिति | विवरण | उद्यमी संख्या | भुक्तानीको अवधि | रकम |
|---|---|---|---|---|
| ३१४- ०८० / ०७ / २३ | ब्याज अनुदान वापत भुक्तानी | ३१ जना | २०८० श्रावण देखि असोज सम्म | २७५५१९ |
| ५५०- ०८० / १० / ०८ | ब्याज अनुदान वापत भुक्तानी | २९ जना | २०८० कार्तिक देखि पुस | १११८०५ |
| ९३६- ०८१ / ०१ / १२ | ब्याज अनुदान वापत भुक्तानी | २७ जना | २०८० माघ देखि चैत | ८०१९४ |
| ११५९- ०८१ / ०२ / २३ | ब्याज अनुदान वापत भुक्तानी | ८ जना | २०८० छुट चैत मसान्त सम्मको | ७३०५४ |
| | जम्मा | | | ५४०५७२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

६७ **खाद्यान्न वापत भुक्तानी**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को अनुसुची १(क) मा नगरप्रमुख र नगर उपप्रमुखले पाउने सेवा सुविधा, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ मा प्रमुख प्रशासकिय अधिकृतले पाउने सेवा सुविधा सम्बन्धी व्यवस्था गरिएको छ। नगरप्रमुख , नगर उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतले आफ्नो क्वाटर वा आवासमा खाध्यान्न वापत सुविधा पाउने व्यवस्था गरेको छैन। परीक्षण गरिएका निम्नानुसारका भौचरहरुमा निम्नानुसारका फर्महरु तथा व्यक्तिलाई नगरप्रमुख , नगर उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतको क्वाटरमा विभिन्न समयमा विभिन्न खाद्यान्न उपलब्ध गराए वापत रु. १४,४८,६२८।- भुक्तानी गरेको छ। यस्तो खर्च लेख्न पाउने आधार नभएकोले अनियमित भएको रु.

| गो.भौ.नं/मिति | फर्म/ व्यक्तिको नाम | रकम |
|---|---|---|
| १३५- ०८० / ०६ / १७ | पदम किनारा तथा खाद्यान्न सप्लायर्स | १२५०२० |
| १३५- ०८० / ०६ / १७ | क्यारिसा कोल्ड स्टोर तथा किराना पसल | ७९८८५ |
| १५०- ०८० / ०६ / १८ | विभिन्न फर्म र व्यक्ति | १८९४१९ |
| १८४- ०८० / ०६ / २३ | ओषिष मिनि मार्ट एण्ड सप्लायर्स | ५९०३० |
| २२६- ०८० / ०६ / २६ | विभिन्न फर्म र व्यक्ति | ५८३१० |
| १५८३- ०८१ / ०३ / २४ | विभिन्न फर्म र व्यक्ति | ४२६७४० |
| १२३७- ०८१ / ०३ / ४ | विभिन्न फर्म र व्यक्ति | १४५०२४ |
| ११२७- ०८१ / ०२ / १६ | क्यारिसा कोल्ड स्टोर तथा किराना पसल | ३५११० |
| १०२३- ०८१ / ०१ / २१ | विभिन्न फर्म र व्यक्ति | ९९५५५ |
| ९८९- ०८१ / ०१ / १७ | सुशिल इन्टरप्राइजेज | ३२०८५ |
| ९८४- ०८१ / ०१ / १६ | क्यारिसा कोल्ड स्टोर तथा किराना पसल | १९९७५ |
| ८६३- ०८० / १२ / २६ | विभिन्न फर्म र व्यक्ति | १७८४७५ |
| | जम्मा | १४४८६२८ |

| | |
|---|---|
| अनियमित भएको | १४,४८,६२८ |

## ६८ **वितरण भर्पाइ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले निम्नानुसारका सामाग्रीहरु वितरण गर्दा वितरण गरेको भर्पाइ पेश नगरेकोले प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं/मिति | फर्म/कार्यक्रमको नाम | बिल नं र मिति | सामानको विवरण | रकम |
|---|---|---|---|---|
| २५-०८०/०६/०४ | उमेद छापाखाना तथा स्टेशनरी उद्योग | १०७-३/१५ | दलित पार्श्वचित्र किताब १४२ थान | ९५००० |
| १३५-०८०/०६/१७ | सेवा अफसेट प्रेस | १५-६/५ | वार्षिक नगर विकास योजना २०० थान | ९३३८३ |
| २२०-०८०/०६/२६ | समृद्धि इन्टरप्राइजेज | ००१-६/१५ | अफिस व्याग २० थान | ९८९९९ |
| १६६२-०८१/०३/२४ | दलित साझा संजाल | विभिन्न | कृषि औजार उत्पादन उद्योग विद्युतिकरण सामाग्री, जुत्ता उत्पादन सामाग्री लगायत | ९२८८६ |
| १५४४-०८१/०३/२३ | समृद्धि इन्टरप्राइजेज | ०१५-३/२० | पानी फिल्टर २५० थान | ६००००१ |
| १५४४-०८१/०३/२३ | Global L.P.C Suppliers and Sports House | ०३१-३/१७ | ट्र्याक सुट ८० थान | १२०२३२ |
| १२१९-०८१/०३/०२ | एस. के . ट्रेडर्स ( वडा मार्फत खरिद) | १००, १०१ , १०६ , २१२ | कृषि सामाग्री | २९०९९५ |
| १२९९-०८१/०३/०४ | विन्दवासिनी हेल्थ केयर प्रा. ली | ००२- ०८१ / ०२ / ०९ | वैशाखी ४० थान र प्लेन स्टिक १२ थान | २८५००० |
| जम्मा | | | | १६७६४९६ |

| प्रमाण पेश नगरेको | १६,७६,४९६ |
|---|---|

६९ **कम बिल भर्पाइ** (१६८७-२०८१-३-३१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। वडा नं ६ का वडा सचिव राज बहादुर श्रेष्ठले वडा संचालन खर्च वापत लिएको पेश्की रकम फछ्र्यौट गर्दा रु.८८,२८५। बिल पेश गरेकोमा रु.९८,५००। भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

| असुल गर्नुपर्ने | १०,२१५ |
|---|---|

७० **बिउ विजन खरिद**

कृषकलाई ब्रिडिङ वा अन्य प्रयोजनको लागि खरिद गरिने मकै, धान, गहुँ लगायत बिउविजन तथा मिनिकिट खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदी यस्ता फर्ममा नपाइएमा स्वीकृति लिइ कृषि ज्ञान केन्द्रले तोकेका गुणस्तरिय बिउ बिजन उत्पादन गर्ने श्रोत केन्द्रबाट खरिद गर्नुपर्दछ। खरिद गरिएका बिउबिजनको जर्मिनेशनको परीक्षण पहिचान गरी हावापानी सुहाउदो स्थानमा उपयुक्त बिउ बिजन वितरण गरी सोको अभिलेख पालिकाको कृषि शाखामा राख्नु पर्दछ। तर पालिका, उपभोक्ता समिति र सहकारी संस्थाले निजी फर्म, पसल र व्यक्तिबाट बिउ बिजन खरिद गर्ने र वितरण गरेको भर्पाइ सम्म राख्ने गरेको संलग्न खर्च सम्बन्धी फाँटवारीमा देखिन्छ। यसबाट खरिद गरिएका बिउबिजन गुणस्तर युक्त भए नभएको, लक्षित वर्गले पाए नपाएको, वितरित बिउबिजनबाट अन्य समुदायले लाभ लिए नलिएको एकिन गर्न सकिने अवस्था बारे अनुगमन गरी प्रमाण पेश हुनुपर्दछ।

| गो. भौ . नं/मिति | सहकारी संस्था/ उपभोक्ता समिति | आपूर्तिकर्ताको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १४६८-०८१/०३/२० | श्री जनहित दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | साङ्ग्रिला एग्रो भेट इम्पेक्स | मकैको विउ वितरण | ९५००० |
| १४१५-०८१/०३/१७ | वडा समिति नर्सरी | काफ्ले एग्रोभेट सप्लायर्स | धान र मकैको विउ | ६३८००० |
| ७८८-०८०/१२/१३ | सुजन दुलाल/ कार्यालय | विभिन्न | जै घास र केराउको बिउ | २३२८०० |
| ४३- ०८०/०६/०४ | तामसालिङ फलफुल नर्सरी फर्म | तामसालिङ फलफुल नर्सरी फर्म | बिरुवा | ६९२००० |
| १५३०-०८१/०३/२२ | वडा नं २ कालिका कृषि सहकारी संस्था लि. | विभिन्न | विरुवा र धानको विउ | ३००००० |
| ८०।२०८१।३।२० | विन्दवासिनी कृषि फर्म | विन्दवासिनी कृषि फर्म | सुन्तला, एभोकाडो , कागती लगायतका फलफुलका विरुवा | ३०६६२५ |
| जम्मा | | | | २२६४४२५ |

७१ **उपभोक्ता समिति/लाभग्राही समुदायबाट खरिद**

**नगरपालिका चालु -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति/लाभग्राही समुदायबाट श्रम मुलक काम गराउने व्यवस्था छ। नियममा उपभोक्ता समितिले आफु बसोबास गरेको स्थानमा आवश्यकताको आधारमा निर्माण कार्य वा सो सम्बन्धी सेवा मात्र गर्न पाउने तर मालसामान मात्र खरिद गर्न उपभोक्ता समिति गठन गर्न पाउने देखिदैन। पालिकाको केही खर्च भौचर परीक्षण गर्दा निम्नानुसारका उपभोक्ता समिति, लाभग्राही समुदाय र सहकारी संस्थासमेतले निम्नानुसारका सामाग्रीहरु खरिद गरेको कार्य नियमावली विपरीत भएकोले यस्तो कार्य अनियमित भएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ४७,६३,०१० |

७२ **दुध र कृषि उपजमा अनुदान**

७२.१ **थप अनुदान भुक्तानी -** चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि, पशुपन्छी पालनमा पूर्जिंगत अनुदान दिने कार्यविधि, २०७७ को परिच्छेद २ को दफा ३(२) मा नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने व्यक्तिले वार्षिक ५०० लिटर भन्दा बढी दुध सहकारी संस्थामा बेचेमा प्रति लिटर रु.३। का दरले अनुदान दिने व्यवस्था गरेकोमा मिति २०८०।०२।१६ को कार्यपालिका वैठकको निर्णय नं ८ ले नगरपालिकामा दर्ता भएका सहकारी मार्फत दुध विक्रि वितरण गरे वापत वर्षमा प्रति लिटर रु.३। दिदै आएकोमा रु.१। थप गरी प्रति लिटर रु.४। दिने निर्णय गरेको छ। यसरी नगरसभाबाट पारित भएको कार्यविधिमा तोकेको दरलाई कार्यपालिका वैठकले निर्णय गरी थप गर्न मिल्ने नदेखिएकोले कार्यपालिका वैठकको निर्णयका आधारमा बढी दरमा भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| गो. भौ . नं / मिति | सहकारी संस्थाको नाम | जम्मा लिटर | थप अनुदान रकम |
|---|---|---|---|
| १५४८- ०८१ / ०३ / २३ | नवज्योती बहुउद्धेश्यीय सहाकारी संस्था लि. ( नगरपालिका ) | ११६६०४ | ११६६०४ |
| १५४६- ०८१ / ०३ / २३ | नवज्योती बहुउद्धेश्यीय सहाकारी संस्था लि. ( वडातर्फ योजना राखी प्रति लिटर रु . २ थप ) | १३४००० | २६८००० |
| १५४८- ०८१ / ०३ / २३ | मैत्री साना किसान कृषि सहकारी संस्था लि. | १९३३४ | १९३३४ |
| १५४८- ०८१ / ०३ / २३ | श्री जनहित दुग्ध उत्पादक सहकारी संस्था लि. | ६८१७२ | ६८१७२ |
| १५४८- ०८१ / ०३ / २३ | श्री रानीपोखरी कृषि सहकारी संस्था लि. | १९०३१.५ | १९०३१.५ |
| १५४९- ०८१ / ०३ / २३ | कुविण्डे दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | ५०९१६५ | ५०९१६५ |
| १५५०- ०८१ / ०३ / २३ | श्री जनविकास दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | ५०७०२.२५ | ५०७०२.२५ |
| १५५०- ०८१ / ०३ / २३ | श्री तीनदेवी कृषि सहकारी संस्था लि. | २९६२० | २९६२० |
| १५५०- ०८१ / ०३ / २३ | साँगाचोक दुग्ध उत्पादक सहकारी संस्था लि. | ८०८२६.२५ | ८०८२६.२५ |
| १६६७- ०८१ / ०३ / २३ | ठुलो सिरुबारी साना किसान कृषि सहकारी संस्था लि. | २३८५५ | २३८५५ |
| १६६७- ०८१ / ०३ / २३ | श्री कबुलियती वन कृषि तथा फलफूल बहुउद्धेश्यीय सहकारी संस्था लि. | ४४९९२.५ | ४४९९२.५ |
| जम्मा | | | १२३०३०१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३०,३०१ |

७२.२ **दुध र कृषि उपजमा अनुदान** –चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि, पशुपन्छी पालनमा पूजिँगत अनुदान दिने कार्यविधि, २०७७ को परिच्छेद २ को दफा ३(२) मा नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने व्यक्तिले वार्षिक ५०० लिटर भन्दा बढी दुध सहकारी संस्थामा बेचेमा प्रति लिटर रु.३। का दरले अनुदान दिने व्यवस्था गरेकोमा मिति २०८०।०२।१६ को कार्यपालिका वैठकको निर्णय नं ८ ले नगरपालिकामा दर्ता भएका सहकारी मार्फत दुध विक्रि वितरण गरे वापत वर्षमा प्रति लिटर रु.३। दिदै आएकोमा रु.१। थप गरी प्रति लिटर रु.४। दिने निर्णय गरेको छ। साथै संकलन केन्द्र र सहकारी मार्फत उपजहरु (तरकारी) मा अनुदान दिने कार्यविधि, २०७८ मा विक्रि गरिएको कृषि उपज(तरकारी) आलु र गोलभेडामा प्रति किलो रु.१। र अन्य तरकारीमा प्रति किलो रु.२। अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरेको छ। यसरी कृषकलाई कृषि तर्फ अनुदान रकम उपलब्ध गराउदा परिच्छेद ५ दफा १० मा नगरपालिका बाट छनौटमा परेका व्यवसाय तथा व्यक्तिहरुलाई खाता खोल्न लगाइ खातामा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले कार्यविधि अनुसार वार्षिक ५०० लिटर भन्दा बढी दुध सहकारीमा बेच्ने कृषकहरु र कृषि उपज बेच्ने कृषकहरुलाई खाता मार्फत नभइ सहकारीले रकम बुझी किसानलाई नगद दिएको भनी भर्पाइ गराएको विवरण पेश भएको छ। रकम भुक्तानी सम्बन्धी फाँटबारी परीक्षण गर्दा कतिपय कृषकको रकम बुझेकोमा एकै व्यक्तिको हस्ताक्षर पनि अलग अलग देखिएको छ। साथै सहकारीले आफ्ना कृषकलाई के कती परिमाणमा

दुध र कृषि उपज वापत रकम भुक्तानी गरे, के कति अनुदान दिए, अनुदान खर्च प्रति एकिन गर्न सकिने आधार भएन। रकम बुझ्नेको कृषकको हस्ताक्षर फरक फरक देखिएको साथै कार्यविधिमा भएको व्यवस्था भन्दा फरक तरिकाले भुक्तानी भएका कारण दुध तथा कृषि जन्य उपज खरिद बिक्रीको अनुदान यकिन गर्न सकिएन।

| गो. भौ . नं / मिति | सहकारी संस्थाको नाम | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| अनुदानमा आधारित दुध अनुदान तर्फ | | | |
| १५४८-०८१/०३/२३ | नवज्योती बहुउद्धेश्यीय सहाकारी संस्था लि. | ७३४४१६ | नगरपालिकाले प्रति लिटर रु. ४। र वडा नं ७ ले प्रति लिटर रु . २। थप |
| १५४६-०८१/०३/२३ | | | |
| १५४८-०८१/०३/२३ | मैत्री साना किसान कृषि सहकारी संस्था लि. | ७७३३६ | |
| १५४८-०८१/०३/२३ | श्री जनहित दुग्ध उत्पादक सहकारी संस्था लि. | २७२६८८ | |
| १५४८-०८१/०३/२३ | श्री रानीपोखरी कृषि सहकारी संस्था लि. | ७६१२६ | |
| १५४९-०८१/०३/२३ | कुविण्डे दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | २०३६६६० | |
| १५५०-०८१/०३/२३ | श्री जनविकास दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | २०२८०९ | |
| १५५०-०८१/०३/२३ | श्री तीनदेवी कृषि सहकारी संस्था लि. | ११८४८० | |
| १५५०-०८१/०३/२३ | साँगाचोक दुग्ध उत्पादक सहकारी संस्था लि. | ३२३३०५ | |
| १६६७-०८१/०३/२३ | ठुलो सिरुबारी साना किसान कृषि सहकारी संस्था लि. | ९५४२० | |
| १६६७-०८१/०३/२३ | श्री कबुलियती वन कृषि तथा फलफूल बहुउद्देश्यीय सहकारी संस्था लि. | १७९९७० | |
| १५४६-०८१/०३/२३ | कल्लेरी दुग्ध उत्पादक सहकारी संस्था लि. | २१६००० | वडा नं ७ ले प्रति लिटर रु. २। अनुदान उपलब्ध गराएको |
| कृषि उपज( तरकारी ) मा अनुदान | | | |
| ४६-०८०/०६/०४ | कुविण्डे दुग्ध उत्पादक सहकारी संस्था लि. | ८७४२०० | गत आ. वको भुक्तानी |
| ३२-०८०/०६/०४ | जनमिलन बचत तथा ऋण सहकारी संस्था लि. | ८०००० | गत आ. वको भुक्तानी |
| १४-०८०/०५/३१ | नेत्र ज्योति कृषि सहकारी संस्था लि. | ८०५१५० | गत आ. वको भुक्तानी |
| जम्मा | | ६०४३३५० | |

पालिकाले सम्बन्धित सहभागीहरुले दुग्ध पदार्थ र कृषि उपज विक्रि गरेको र कृषकले सो वापत रकम बैँक मार्फत बुझी कार्यालय आफैँले सम्बन्धित कृषकको खातामा रकम दाखिला **(EFT)** गरेको भए खर्च पारदर्शिता हुने थियो। तसर्थ पालिकाले कार्यक्रमलाई तोकेअनुसार संचालन गरी पार्दर्शिता प्रवर्धन गर्नुपर्ने देखिन्छ।

७३ **जिल्ला दररेट**

कार्यालयले विभिन्न प्रकारका कृषिजन्य, पशुजन्य तथा अन्य सामाग्री सोझै वा कोटेशन मार्फत खरिद गर्दा जिल्लाले तोकेको स्वीकृत दररेट अनुसार खरिद गर्नुपर्दछ। खरिद गरिएका सामाग्रीहरुको दररेट सिन्धुपाल्चोक जिल्लाको ज्याला तथा निर्माण सामाग्रीहरुको जिल्ला दररेट आ.व २०८०।८१ मा तोकिएको स्वीकृत जिल्ला दररेट भन्दा बढी भुक्तानी भएकोले सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई बढी रकम सम्बन्धित फर्म वा उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु.

| गो. भौ . नं/मिति | फर्मको नाम | सामाग्रीको विवरण | परिमाण | स्वीकृत दररेट | भुक्तानी दररेट | बढी भुक्तानी | अनुदान |
|---|---|---|---|---|---|---|---|
| १५३०- ०८१ / ०३ / २२ | छिम्केश्वरी नर्सरी एण्ड एग्रो फर्म | आँप माल्द। आम्रपाली | ३२५ वटा | रु. ९० प्रति गोटा | रु. १५० प्रति गोटा | १९५०० | १००.००% |
| १५३०- ०८१ / ०३ / २२ | छिम्केश्वरी नर्सरी एण्ड एग्रो फर्म | लिचि शाही। मोली | ३२० वटा | रु. ९० प्रति गोटा | रु. १५० प्रति गोटा | १९५०० | १००.००% |
| १४९५- ०८१ / ०३ / २० | पाँचखाल एग्रो भेट | गोलभेडा ( डार्लिला ) | २. ५ ग्राम को २४२० पाकेट | रु. २१० प्रति २ . ५ ग्राम | रु. ३३० प्रति २ . ५ ग्राम | ७२६०० | २५.००% |
| १४९५- ०८१ / ०३ / २० | पाँचखाल एग्रो भेट | काउली | २. ५ ग्राम को ८० पाकेट | रु. ९१ . ८७ प्रति २ . ५ ग्राम | रु. ५५० प्रति २ . ५ ग्राम | ९१६२ | २५.००% |
| १४५३- ०८१ / ०३ / १९ | विष्णु एग्रो फर्म प्रा. ली | प्रजननको लागि बाख्रा | १०८७ के. जी | रु. ७५० प्रति के . जी | रु. ८५० प्रति के . जी | १०८७०० | - |
| १४५१- ०८१ / ०३ / १९ | विष्णु एग्रो फर्म प्रा. ली | प्रजननको लागि बाख्रा | ५५८. १८ के . जी | रु. ७५० प्रति के . जी | रु. ८५० प्रति के . जी | ५५८१८ | - |
| १४४२- ०८१ / ०३ / १८ | विष्णु एग्रो फर्म प्रा. ली | बोधचित्त बिरुवा | २०० गोटा | रु. ५०० प्रति गोटा | रु. १६५ प्रति गोटा | ६७००० | - |
| १०४१- ०८१ / ०१ / ३० | राना बंगुर पालन फर्म | प्रजननको लागि बाख्रा | १९६१. २५ के . जी | रु. ७५० प्रति के . जी | रु. ८०० प्रति के . जी | ५८८३७ | ६०.००% |
| ७९५- ०८० / १२ / १४ | नमोबुद्ध मौरी पालत तथा घार निर्माण | मौरी फ्रेम घार सहित | ५० वटा | रु. १०५०० प्रति गोटा | रु. १३००० प्रति गोटा | १२५००० | - |
| जम्मा | | | | | | ५३६११७ | |
| | | | | | | असुल गर्नुपर्ने | ५,३६,११७ |

### ७४ बाख्रा/बोका/भैँसी/राँगा खरिद

पालिकाले लक्षित वर्गलाई लक्षित गरेर वितरण गरिने बाख्रा, बोका, भैँसी तथा ब्रिडिङ्गको लागि वितरण गरिने बोका राँगो लगायतका पशुहरु खरिद गर्नुपूर्व सकेसम्म सरकारी फर्मबाट हावापानी अनुकुल हुने गरी खरिद गर्नुपर्दछ। त्यसरी खरिद गरेका पशुको बिमा गरी ट्याग बाट प्रमाणित गरी पालिका भरी कुन कुन आ.वमा के कति के कसलाई वितरण भयो भनी अभिलेख राखी अनुगमन समेत गर्नुपर्दछ। सरकारी फर्म नभएमा पशु स्वास्थ्य केन्द्रबाट तोकिएका स्रोत केन्द्रबाट गुणस्तर तथा निरोगिता प्रमाणित गरी खरिद गर्नुपर्दछ। पालिकाले उपरोक्त व्यवस्थाहरुलाई वेवास्ता गरी निजी फर्मबाट वा व्यक्तिबाट चौपाया खरिद गरी वितरण गरेको, वितरणको अभिलेख सम्म राखेको संलग्न भौचरमा देखिन्छ। यसबाट खरिद गरिएका चौपायाको गुणस्तरता बारे यकिन गर्न सकिएन साथै निरन्तर अनुगमन गरी अभिलेख नराख्दा वितरित चौपायाबाट लक्षित वर्गले के कती जीवन स्तरमा सुधार ल्यायो, त्यसको लेखाजोखा गर्न सकिएन। साथै यसरी खरिद गर्दा पालिकाको कृषि शाखाका विज्ञबाट गर्नुपर्नेमा सहकारी संस्था वा उपभोक्ता समूहबाट गरेको देखियो। यसरी खरिद गर्न सकिने कानुनी व्यवस्था छैन। पालिकासँग यस सम्बन्धमा जानकारी माग गर्दा गत विगत वर्ष देखि यसरी नै खरिद गर्ने गरेको जानकारी प्राप्त भएको छ। यसरी खरिद गर्ने कार्य नियम सम्मत देखिएन। परीक्षण गरिएका केही उदाहरणहरु निम्नानुसार छन्-

**(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ७५ औषधी खरिद

पालिकाले प्रतिस्पर्धाको माध्यमबाट तथा सिधै गरी देहाय अनुसार सामान खरिद गरेकोमा निम्नानुसार देखिएको छ ।

(क)पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको आधारमा विवरण तयार गरी पुल सिस्तमको आधारमा आपूर्ति व्यवस्था गर्नुपर्दछ । औषधीको टेण्डर डकुमेन्टमा आपूर्ति हुने औषधी एवम् आय-सामानको उत्पादन मिति, म्याद सकिने मिति, औषधीको म्याद कार्यालयमा प्राप्त हुँदा कम्तिमा १८ महिना म्याद भएको हुनुपर्ने व्यहोरा उत्पादक कम्पनीको नाम, कन्ट्री अफ ओरिजन, जि.एम,पिको प्रमाण, निशुल्क वितरणको लागि भने छाप लगायतको विवरण उल्लेख हुनु पर्दछ । तर देहायको आपूर्तक कर्तासँग सिधै वा प्रतिस्पर्धात्मक विधिबाट औषधी खरिद गर्दा टेण्डर डकुमेन्टमा उपरोक्त व्यहोराहरु उल्लेख छैन । प्राप्त औषधी तथा समानको औषधी आपूर्तिकर्ताले डेलिभरी सिटमा उपरोक्त व्यहोरा उल्लेख गरिएको छैन । तसर्थ प्राप्त औषधी गुणस्तर भए नभएको एकिन गर्न सकिने अवस्था रहेन यसमा सुधार हुनुपर्दछ ।

| भौ.नं. र मिति | औषधी आपूर्तकको नाम | खरिद विधि | इकाई | खर्च रकम |
|---|---|---|---|---|
| ११४-२०८१।३।१२ | आर.डि. मेडिको सप्लायर्स | ई- विडिङ्ग | ९४ | १,७२६,१५७ |
| २२५-२०८१।३।१३ | | | | |
| २२३-२०८१।३।१२ | | | | |
| ४९-२०८१।९।२ | मेडीगोल्ड इन्टरनेशनल | ई- विडिङ्ग | ९७ | २३,०१,५८१ |
| जम्मा | | | | ४,०२७,७३८ |

७६ **मिनिटिलर मर्मत** (९८-२०८१-२-२४):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्च नियन्त्रण गर्दै पूर्वाधार निर्माण तथा दिर्घकालिन पूजिँ निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाभित्रका कृषकहरूको ३११ वटा मिनीटिलर मर्मतका लागि रु. ४७५००० दंगाल पावर पार्टस एण्ड वर्कशपलाई भुक्तानी गरेको छ । अनुदानमा उपकरण उपलब्ध गराईसकेपछि पुनः मर्मत संभार खर्च लेख्दा सामान प्राप्ति कर्ताको सामान प्रति अपनत्व नहुने हुँदा यस्तो खर्चलाई निरुत्साहित गर्नुपर्दछ ।

७७ **अघिल्लो आर्थिक वर्षको बैठक भत्ता भुक्तानी** (१४-२०८१-६-२३):

चालु प्रकृतिका खर्चहरू जुन आर्थिक वर्षमा खर्च भएको हो सोही आर्थिक वर्षमा खर्च गर्नुपर्दछ। यस्ता खर्च अर्को वर्ष दायित्व श्रृजना गर्नुहुदैन। पालिकाले विपन्न औषधी उपचारको लागि आर्थिक सहायता समितिको अघिल्लो आर्थिक वर्षको विभिन्न मितिमा बसेको बैठकको भत्ता तपसिलका पदाधिकारीलाई भुक्तानी गरेकोमा सोको आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| **क्रम संख्या** | **नाम** | **पद** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | श्री कृष्णप्रसाद सापकोटा | नगर प्रमुख | २२१०० |
| २ | श्री रामबहादुर केसी | प्रमुख प्रशासकिय अधिकृत | १९५५० |
| ३ | श्री शिवबहादुर पुरी | सिअहेव अ | १९५५० |
| ४ | श्री दिनेश नेपाल | जनस्वास्थ्य अधिकृत | १७०० |
| ५ | श्री गोमा भट्टराई | नर्सिङ्ग अधिकृत | ८५० |
| | जम्मा | | ६३७५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६३,७५० |

७८ **एक घर एक करेसाबारी** (४१-२०८१-२-२४):

कृषकलाई अनुदान रकम भुक्तानी दिदा तोकिएको एक घर एक करेसाबारी कार्यविधि, २०७९ अनुसार सम्झौता गरी सोही आधारमा रकम भुक्तानी दिनुपर्दछ। पालिकाले एक घर एक करेसाबारी प्रोत्साहन कार्यक्रम अन्तर्गत आइरन टनेल निर्माणका लागि कृषकलाई ५०

प्रतिशत अनुदानको व्यवस्था गरेको छ। उक्त कार्यक्रममा तपसिलका कृषकलाई बढि भुक्तानी रकम असुल उपर गरी संघीय संञ्चित कोषमा दाखिला गर्नपर्ने रु.

| **नाम** | **जम्मा लागत** | **भुक्तानी हुनुपर्ने रकम** | **भुक्तानी भएको रकम** | **बढि भुक्तानी भएको रकम** |
|---|---|---|---|---|
| भिम श्रेष्ठ | ३९०६० | १९५३० | २४३७८ | ४८४८ |

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,६१९.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८४८ |

७९ **प्रशिक्षक भत्ता र दैनिक भत्ता समेत भुक्तानी** (178-२०८१-३-८):

नगरपालिका स्वास्थ्य चालुबाट पालिकाले मिति २०८१।२।३ देखि २०८१।२।८ संचालित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन अन्तर्गतको प्रशिक्षण कार्यक्रमका प्रशिक्षक श्री बिर बहादुर बोहरा प्रशिक्षण बापतबाट रु १६३२० भुक्तानी भएको छ भने सोही मितिमा दैनिक भ्रमण बापत उक्त अवधिको थप रु ९६०० भुक्तानी गरेको छ। प्रशिक्षण बापत भत्ता प्रदान भएकोमा थप दैनिक भ्रमण भत्ता दिन पाउने नदेखिएकोले उक्त रकम निजबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६०० |

८० **अनुदानका शिक्षकको म्यादथप**

